# वार्षिक प्रगती प्रतिवेदन, २०८२/८३




## समविकास केन्द्र (इडीसी) नेपाल, डोटी

फोन नं. ०९४–४११०५०

इमेलः edcnepal2053@gmail.com

फेसवुकः EDC Nepal

वयवसाइटः www.edc.doti. org.np

EDC-Nepal

# प्रकाशकिय

# बार्षिक प्रगती प्रतिवेदन २०८२/८३

**सल्लाहकार**

श्री केशव परियार

श्री रश्मी गहतराज

श्री वबि कुमार वि.सी

**सम्पादन तथा लेखन**

महेश त्रिखत्री

**सम्पादक मण्डल**

श्री नरेन्द्र बहादुर वि.क.

श्री टेक बहादुर नेपाली

श्री विज्ञान देवल

**वित्त ब्यबस्थापन**

श्री मनोज बागचन

श्री कृष्णसुन्दर श्रेष्ठ

श्री जोग बहादुर पार्की


**प्रकाशकः**

समविकास केन्द्र (इडीसी) नेपाल

सिलगढी, डोटी

**प्रकाशन सहयोगः**

**एक्शनएड नेपाल (एएएन) र ड्यानचर्स एड नेपाल (डीसीए)**

मुद्रणः

**अध्यक्षको कलमबाट,**



सम विकास केन्द्र नेपाल २०५३ सालमा दलित युवाहरुको पहलमा स्थापित गैरसरकारी संस्था हो । यस संस्थाले मुख्यरुपमा सामाजिक आर्थिक, राजनैतिक, शैक्षिक एवं सांस्कृतिकरुपमा पछाडि पारिएका दलित, महिला एवं विपन्न वर्गको सशक्तिकरण गर्दै विकासको मुलप्रवाहमा ल्याई समतामुलक समाजको निर्माणमा सहयोग गर्ने लक्ष्य राखेको छ । संस्थाले समतामुलक समाजको निर्माण, हाम्रो अभियान भन्ने मुल परिकल्पनाका साथ स्थापना भई मानव अधिकारमुखी पद्धतिलाई आत्मसाथ गर्दै जातीय छुवाछुत, सामाजिक विभेद, लैगिंक विभेद, असमानता विरुद्ध मानव अधिकार र सामाजिक न्याय प्राप्तिका लागि विगत २८ बर्षदेखि दलित नेतृत्वदायि संस्थाको रुपमा निरन्तर क्रियाशिल छ। समाजमा रहेका गरिब, दलित तथा महिलाहरुका अधिकार सम्बन्धि उदीयमान जल्दाबल्दा सवालहरुलाई उचितरुपमा संबोधन गर्न आवश्यक छ र यसलाई सम्बोधन गर्न संस्थाले निरन्तर र सक्रियरुपमा अभियान र पैरवी मार्फत आवाजहरुको उठान गर्दै आइरहको छ। संस्थाले स्थापनाकाल देखी नै जातीय र लैगिंक आधारमा हुने भेदभाव र मानव अधिकार उल्लंघन विरुद्ध आवाज उठाउदै दलित तथा महिलाहरुको नागरिक तथा राजनीतिक अधिकारको रक्षा गर्न निरन्तर सचेतनामुलक अभियान,सशक्तिकरण र ऐक्वद्धताका पहलहरु गरिरहेको छ । संस्थाले दलित, महिला, विपन्न वर्ग, युवा, किशोरी, बालबालिका, भुमिहिन,हलिया तथा जोखिममा रहेका सिमान्तकृत समुदायको सशक्तिकरण, मानव अधिकार र सामाजिक न्यायका लागि सामाजिक आन्दोलन,अभियान तथा पैरवीका कार्य गर्दे आईरहेको छ । स्थानियरुपमा जरा गाढेको जातीय छुवाछुत, लैगिंक असमानताका विरुद्ध सचेतना, अभियान,सामाजिक समावेशिता, जलवायु उत्थानशिलता प्रवर्धनका, साथै अधिकारवालाहरूको अधिकार, नेतृत्व, जिविकोपार्जन र निर्णय प्रकृयामा सहभागिता सुदुढ गर्न उनिहरूसंग मिलेर कार्य गर्दछ। संस्थाले सुशासन प्रणालि र आर्थिक सशक्तिकरण मार्फत अनौपचारिक श्रमिक महिलाहरुको अधिकार सुनिश्चितता गर्ने, जोखिममा रहेका समुदायहरुको उत्थानशिल निर्माण गर्न जलबायु न्याय, हरित जिविकोपार्जन र मानवीय प्रतिकार्य प्रणालिको विकास गर्ने तथा शिक्षा सुशासन मार्फत बालबालिकाहरुको आधारभुत अधिकारकोरुपमा गुणस्तरिय सार्वजनिक शिक्षाको प्रवर्धन गर्ने गतिविधिहरु संचालन गरिएका छन्। महिला तथा बालिकाहरु विरुद्धको हिंसा र सेवामुलक कार्यलाई संबोधन गर्नु विभिन्न पैरवी तथा अभियानहरु संचालन गरिएका छन्।

यसवर्ष पनि संस्थाले विभिन्न सहयोगी साझेदार संस्थासंग सहकार्य गर्दै विभिन्न परियोजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ। यसै सन्दर्भमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशन मार्फत सम्पन्न भएका कार्यहरुको पारदर्शिता र जवाफदेहिता प्रस्तुत गरिएको छ । यस प्रतिवेदनमा संस्थाले गरेका सम्पुर्ण गतिविधि तथा हासिल भएका उपलव्धी तथा प्रभावहरु समावेश गरि नतीजामा आधारित प्रतिवेदन प्रकाशन गर्ने जमर्को गरिएको छ।

अन्तमा संस्थाको वार्षिक प्रगति प्रतिवेदन लेखनमा सहयोग गनुहुने संस्थाका कार्यकारी निर्देशक महेश त्रिखत्रीज्यू लगायत प्रतिवेदनका लागि आवश्यक सुचना तथा जानकारी उपलव्ध गराई योगदान गर्नुहुने सम्पुर्ण कार्यक्रम संयोजकज्यू, अधिकृत, लेखा तथा प्रशासन प्रमुखका साथै सामाजिक परिचालक साथीहरूलाइ धन्यवाद व्यक्त गर्दछु। साथै यो वार्षिक प्रतिवेदन प्रकाशन गर्न आर्थिक सहयोग गर्नुहुने साझेदार संस्था एक्सनएड नेपाल र डिसिए नेपाललाई संस्थाको तर्फबाट आभार व्यक्त गर्दछु। यस संस्था माथि विश्वास गरि सहयोग गर्ने सम्पूर्ण सहयोगी निकाय, स्थानिय सरकार तथा साझेदार संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास र अपेक्षा राखेका छु।

यस संस्थालाई प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग र योगदान पुर्‍याउने सम्पुर्ण कार्य समिति पदाधिकारी तथा सदस्यहरु, संस्थापक सदस्य, आजिवन तथा साधारण सदस्यहरु प्रति धन्यवाद व्यक्त गर्दछु।

अध्यक्ष

केशव परियार

## कार्यकारी सारांश



समविकास केन्द्र नेपाल (ईडीसी), विद्यमान सामाजिक विभेद, लैंगिक असमानता, कुप्रथा, कुशासन तथा गरिबीको न्यूनीकरण गर्दै मानव अधिकार, सामाजिक न्याय र सुशासन प्रवर्द्धनका लागि क्रियाशील सामाजिक विकास संस्था हो । "समतामूलक समाजको निर्माण, हाम्रो अभियान" भन्ने परिकल्पनाका साथ वि २०५३ .सं. सालमा स्थापना भएको यस संस्थाले अधिकारमुखी विकासको अवधारणा मार्फत दलित, महिला, बालबालिका तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अवस्थामा सुधार ल्याउन निरन्तर कार्य गर्दै आइरहेको छ ।

आर्थिक वर्ष २०८१मा विभिन्न साझेदार संस्थाको सहकार्यमा स्थानीय अधिकार कार्यक्रम ८२/, बालबालिकाको पोषण स्थितिमा सुधार परियोजना, कृषिमा आधारित बन्धुवा श्रमको अन्त्य परियोजना र पहुँच परियोजना सञ्चालन गरी अधिकार, जीविकोपार्जन, पोषण, शिक्षा, महिला नेतृत्व तथा सामाजिक समावेशीकरणका क्षेत्रमा योगदान पुऱ्याइएको थियो । उक्त अवधिमा ४,६३२ घरधुरी प्रत्यक्ष र १३,८९६ परिवार अप्रत्यक्ष रूपमा लाभान्वित भएका थिए ।

आर्थिक वर्ष २०८२३५मा स्थानीय अधिकार कार्यक्रम ८३/, बालबालिकाको पोषण स्थितिमा सुधार परियोजना तथा कृषिमा आधारित बन्धुवा श्रमको अन्त्य परियोजना सफलतापूर्वक सम्पन्न भएका छन् भने, स्थानीय अधिकार कार्यक्रम ४६, यूथहव र पहुँच परियोजना सञ्चालनमा रहेका छन् । यी कार्यक्रमहरू शिखर नगरपालिका, केसिंह गाउँपालिका र ज .आई.ोरायल गाउँपालिकामा केन्द्रित भई गरिबी न्यूनीकरण, सेवा तथा स्रोतमा पहुँच, महिला अधिकार, गुणस्तरीय शिक्षा, विभेद न्यूनीकरण र जलवायु न्यायका क्षेत्रमा कार्यान्वयन भएका छन् ।

महिलाहरूको नेतत्वमा ५५ वटा महिला समूह, ४ वटा श्रमिक समूह, ६ वटा महिला अधिकार मञ्च, ४ वटा युवा सञ्जाल, २ वटा किशोरी समूह, १२ वटा विद्यालयमा बाल क्लब, पालिकास्तरीय नागरिक मञ्च र बगरखेती महिला कृषक समूहको संस्थागत सुदृढीकरण तथा परिचालन भएको छ । यसबाट २,१९१ घरधुरी प्रत्यक्ष, जसमा २,०३८ महिला, र १०,९५५ घरपरिवार अप्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । साथै, लक्षित समुदायको नेतृत्व, अधिकार सचेतना, सेवा तथा स्रोतमा पहुँच र सामाजिक सहभागितामा सकारात्मक सुधार भएको छ ।

यसै आर्थिक वर्षमा एक्शनएड नेपालको साझेदारीमा जोरायल गाउँपालिकामा स्थानीय अधिकार कार्यक्रम ४६ सञ्चालनमा आएको छ । कार्यक्रमलाई स्थानीयकरण तथा प्रभावकारी बनाउन फिल्ड कार्यालय स्थापना गरिएको छ, जसले स्थानीय सरकार, समुदाय र सरोकारवालाबीच समन्वय तथा सहकार्य सुदृढ गर्ने आधार तयार गरेको छ ।

समग्रमा, आ.व. २०८२/८३ सम्मका कार्यक्रमहरूले अधिकार संरक्षण, सामाजिक समावेशीकरण, महिला नेतृत्व, बालबालिकाको पोषण तथा शिक्षा, जीविकोपार्जन, सुशासन र जलवायु न्यायका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । उपलब्धि, असल अभ्यास र सिकाइलाई संस्थागत सुदृढीकरण तथा आगामी कार्यक्रमको प्रभावकारिता र दिगोपनाका लागि आधारका रूपमा लिइएको छ । यस वार्षिक प्रगति प्रतिवेदनमा संस्थागत विकासका साथै समुदायमा सम्पन्न तथा सञ्चालन गरेका कार्यक्रमहरूको उपलब्धि, प्रभाव, सिकाइ, असल अभ्यास तथा चुनौतीहरूको समग्र समीक्षा प्रस्तुत गरिएको छ ।

अन्तमा यस प्रतिवेदन तयारी गर्दा महत्वपुर्ण सूचना र सुझावहरू उपलब्ध गराइ सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारी, पदाधकारी, स्वंयसेवक साथीहरूमा धन्यवाद ।

महेश त्रिखत्री
कार्यकारी निर्देशक
समविकास केन्द्र नेपाल डोटी

**समविकास केन्द्र (EDC) – नेपालको संस्थागत पृष्ठभूमि तथा क्षमता:**

समविकास केन्द्र (Equality Development Center – (EDC-Nepal) नेपाल एक दर्ता प्राप्त, गैरसरकारी, गैरनाफामूलक तथा गैरराजनीतिक सामाजिक विकास संस्था हो, जसको स्थापना ९ अप्रिल १९९७ मा भएको थियो । संस्थाको केन्द्रीय कार्यालय सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा रहेको छ । जिल्ला प्रशासन कार्यालय, डोटीमा विधिवत् दर्ता भई समाज कल्याण परिषद्सँग आबद्ध रहेको समविकास केन्द्र नेपालले करिब तीन दशक देखि संस्थागत विकासका साथसाथै मानव अधिकार, लैङ्गिक समानता, सामाजिक न्याय, समावेशी र सुशासनको क्षेत्रमा निरन्तर कार्य गर्दै आइरहेको छ ।

लैंगिक स्रोत संस्थाको रूपमा स्थापित ईडीसी–नेपालमा हाल १०५ जना साधारण सदस्यहरू रहेका छन्, जसले संस्थाको सर्वोच्च निकायको रूपमा रहेको साधारण सभा तथा महाअधिबेशनले समावेशीताका आधारमा ९ सदस्यीय कार्यसमिति चयन गर्दछ । ९ सदस्यीय कार्यसमिति कम्तीमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चितता गरिएको छ, जसले संस्थाको लैङ्गिक समानता तथा समावेशीता प्रतिको प्रतिबद्धतालाई स्पष्ट गर्दछ ।

समतामुलक समाजको निर्माण, हाम्रो अभियानको लक्ष्य बोकेको ईडीसी–नेपाल जातीय छुवाछूत, लैङ्गिक विभेद तथा सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक असमानताका कारण पछाडि पारिएका दलित, महिला, जनजाती तथा सीमान्तकृत समुदायहरूको अधिकारलाइ सुनिश्चित गर्न प्रतिबद्ध संस्था हो । यस संस्थाले विभेद, बहिष्करण, असमान शक्ति सम्बन्ध, अन्यायका विभिन्न स्वरूपहरूको अन्त्य गर्दै न्यायपूर्ण र समतामूलक समाज निर्माणमा योगदान पुऱ्याउने उद्देश्य राखेको छ ।

संस्थाले मुख्य रूपमा महिला तथा किशोरी, दलित, श्रमिक महिला, आदिवासी जनजाति, युवा, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसाबाट प्रभावित तथा जोखिममा रहेका व्यक्तिहरू, जलवायु परिवर्तन र विपद्बाट प्रभावित समुदायहरू सँग सहकार्य गर्दै आइरहेको छ । स्थानीय सरकार तथा सामुदायिक संस्थाहरूको क्षमता अभिवृद्धि गरी दिगो तथा समावेशी विकासलाई प्रवर्द्धन गर्दै समुदायको सहभागिता, संस्थागत सुदृढीकरण र दिगोपन संस्थाको कार्यान्वयन रणनीतिका प्रमुख आधार हुन् ।

लगभग २९ वर्षको अनुभव सहित समविकास केन्द्र नेपालले CNGO, HELVETAS-Nepal, Link helvetas Nepal, CCO, EU- Practical Action Nepal, Save the Children US, MS-Nepal, Helvetas, WARM-P, IDE - Nepal, LGCD-P, LGAF, SALASAN, CNGO Nepal, ESP, Esp/RDIF, NORAD, EU/DCA, PAF, EU/D-PECO, DanChurchAid (DCA), ActionAid Nepal, CARE Nepal, Good Neighbors International Nepal (GNI), जापान सरकारको परराष्ट्र मन्त्रालय (Ministry of Foreign Affairs of Japan), सामाजिक विकास कार्यालय लगायत अन्य सरकारी निकाय तथा विभिन्न स्थानीय तहहरूसँग सहकार्य गर्दै सामाजिक रूपान्तरण, विकास तथा मानवीय सहायताका कार्यक्रमहरू सफलतापूर्वक कार्यान्वयन गरेको छ । हालसम्मका कार्यक्रमहरूले महिला नेतृत्व र राजनीतिक सहभागिता अभिवृद्धि, जातीय विभेद, छुवाछुत तथा लैङ्गिक हिंसा न्यूनिकरण, श्रमिकको श्रम अधिकार र सामाजिक जवाफदेहिता प्रवर्द्धन, महिला उद्यमशीलता तथा डिजिटल साक्षरता विकास, गुणस्तरिय सार्वजिक शिक्षा,

विद्यालय पोषण तथा बाल संरक्षण सुधार र वालवालिकामैत्री विद्यालय, जलवायु उत्थानशीलता तथा विपद् पुर्वतयारी सुदृढीकरणका साथै दलित, महिला र अन्य सीमान्तकृत समुदायका अधिकार प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएको छ।

**संस्थागत क्षमता**

EDC नेपालसँग राष्ट्रिय, अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग गुणस्तरीय कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राविधिक, संस्थागत, प्रशासनिक तथा वित्तीय क्षमता विद्यमान छ । ईडीसी–नेपालको आफ्नै सुविधा सम्पन्न कार्यालय भवन दिपायल सिलगढी नगरपालिका–५ मा रहेको छ। कार्यालयमा पर्याप्त कार्यकक्ष, आवश्यक उपकरण तथा फर्निचरको व्यवस्था रहेको छ भने, जोरायल गाउँपालिका मा फिल्ड कार्यालय स्थापना गरि कार्यक्रम संचालन गरिरहेको छ।

संस्थामा कार्यक्रम व्यवस्थापन, मानव अधिकार, जातीय विभेद तथा छुवाछुत विरूद्दको अभियान, लैङ्गिक समानता, GBV/IBV रोकथाम तथा प्रतिकार, सुशासन, नीति पैरवी, अभियान, जीविकोपार्जन, मानवीय सहायता, विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशीलता, वित्त तथा खरिद व्यवस्थापन, साथै अनुगमन, मूल्याङ्कन, जवाफदेहिता तथा सिकाइ (MEAL) क्षेत्रमा दक्ष तथा अनुभवी जनशक्ति कार्यरत छन्।

संस्थाको कार्यसमिति कानुनी रूपमा गठन गरिएको प्रमुख निकाय हो, जसले संस्थालाई नीतिगत तथा रणनीतिक मार्गदर्शन प्रदान गर्दछ भने, अनुभवी कार्यकारी निर्देशकको नेतृत्वमा कार्यक्रम, वित्त तथा प्रशासनिक टोलीले दैनिक व्यवस्थापन सञ्चालन गर्ने गर्दछ । संस्थाको नीति तथा कार्यनीति र कार्यक्रम कार्यान्वयमा सहयोग पुर्याउन कार्यसमितीको मातहतमा कार्यक्रम ब्यबस्थापन समिती, लेखा समिती, खरिद समिती, लैंगिक समानता तथा समावेशी समिती) जेसी(, पदपुर्ती समिती, गुनासो सुनुवाइ समिती र सुरक्षण समिती गठन गरिएका छन । यसै गरि संस्थाको सार्वजनिक महत्वका सूचनाहरू प्रवाह गर्न सूचना अधिकृत र गुनासो सुनुवाइका लागि गुनासो सुनुवाइ अधिकारीको ब्यस्था गरिएको छ। यस वाहेक संस्थाले संस्थाको वयवसाइट (www.edcdoti.org.np), र फेसबुक पेज (EDC-Nepal) बाट पनि संस्थाको सूचना, कार्यक्रमको प्रगती, नितिहरूको जानकारी प्राप्त गर्न सकिने ब्यबस्था गरेको छ।

संस्थाले वित्तीय व्यवस्थापन, मानव स्रोत व्यवस्थापन, खरिद, MEAL, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन सम्बन्धी २३ वटा सुदृढ नीति तथा कार्यविधिहरू कार्यान्वयनमा ल्याएको छ। नियमित वार्षिक बाह्य लेखापरीक्षण, साझेदारमैत्री वित्तीय प्रतिवेदन प्रणाली, सम्पत्ति व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीले संस्थाको सुशासन र पारदर्शितालाई थप मजबुत बनाएको छ।

**संरक्षण (Safeguarding) तथा PSEAH प्रणाली:**

समविकास केन्द्र नेपालले यौन शोषण तथा दुर्व्यवहार (Sexual Exploitation and Abuse–SEA) प्रति शून्य सहनशीलता (Zero Tolerance), ठगी तथा भ्रष्टाचार विरोधी (Fraud and Anti-Corruption) को नीति अवलम्बन गरेको छ। संस्थाले बाल संरक्षण तथा स'रक्षण नीति (Child Protection and Safeguarding Policy), यौन शोषण,

दुर्व्यवहार तथा यौन उत्पीडन रोकथाम नीति (PSEAH Policy), आचारसंहिता (Code of Conduct), GESI Policy तथा गुनासो तथा प्रतिक्रिया व्यवस्थापन प्रणाली (Complaint and Feedback Response Mechanism) कार्यान्वयनमा ल्याएको छ । संस्थाका सबै कर्मचारी, स्वयंसेवक, परामर्शदाताहरूले यी नीतिहरू पालना गर्ने प्रतिबद्धतासहित हस्ताक्षर गर्नुपर्ने व्यवस्था रहेको छ । गोपनीय उजुरी प्रणाली, पीडित–मैत्री उजुरी व्यवस्थापन प्रक्रिया, संरक्षण फोकल पर्सन तथा कार्यक्रम व्यवस्थापन समितीको समन्वयमा आवश्यक पर्दा बाह्य विशेषज्ञ तथा कानुनी निकायसँग सहकार्य गरी छानबिन गरिने व्यवस्था रहेको छ । हालसम्म संस्थाका कर्मचारी वा प्रतिनिधिसँग सम्बन्धित यौन शोषण वा दुर्व्यवहारका कुनै पुष्टि भएका घटना अभिलेखमा छैनन् ।

**अनुदान व्यवस्थापन तथा साझेदारी क्षमता**

समविकास केन्द्र नेपालसँग विभिन्न दातृ निकायबाट प्राप्त अनुदान (Grants) तथा सहायक अनुदान (Sub-grants) को प्रभावकारी व्यवस्थापन गर्ने पर्याप्त अनुभव र क्षमता रहेको छ । संस्थाले अनुदान प्रशासन, साझेदारको विस्तृत जाँचबुझ (Due Diligence), जोखिम मूल्याङ्कन, खरिद प्रक्रिया, वित्तीय अनुगमन, प्राविधिक सहजीकरण, प्रगति प्रतिवेदन, लेखापरीक्षण तथा परियोजना समापन सम्मका सम्पूर्ण प्रक्रियाहरू पारदर्शी र उत्तरदायी ढंगले सञ्चालन गर्दै आएको छ ।

कार्यक्रम अन्तर्गत आवश्यक पर्ने अवस्थामा संस्थाले सामुदायिक संस्थाहरू तथा स्थानीय साझेदारहरूको संस्थागत क्षमता अभिवृद्धि, प्राविधिक सहजीकरण, सुशासन प्रवर्द्धन तथा वित्तीय उत्तरदायित्व सुदृढीकरणमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यी सबै संस्थागत, प्राविधिक, वित्तीय तथा सुशासनसम्बन्धी सबल पक्षहरूले इडीसी नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू र सरकारी निकायहरूसँग प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी कार्यक्रम कार्यान्वयन गर्न सक्षम तथा विश्वसनीय साझेदार संस्थाको रूपमा स्थापित गरेको छ ।

**आवद्दताः**

समविकास केन्द्र (इडीसी) नेपाल अधिकारको लडाइ, सामाजिक न्याय, र सुशासनको क्षेत्रमा योगदान पुर्याउन निम्न बमोजिमका संघसंस्था एवं निकायहरूसंग सहकार्यका लागि आवद्दता कायम गरिएको छ ।

१) दलित एनजीओ फेडेरेशन सदस्य (डीएनफ), काठमाण्डौ

२) एनजीओ फेडेरेशन, डोटी (सचिवालय)

३) सुदूर पश्चिम स्तरिय एनजीओ फेडेरेशन, कैलाली

४) मानव अधिकार सजाल, डोटी

५) महिला तथा वालवालिका संजाल डोटी

६) डिपिनेट सदस्य, काठमण्डौ नेपाल

७) डिपिनेट सदस्य, सुदुरपश्चिम, कैलाली

८) एसडीजी राष्ट्रिय संजाल

९) जिल्ला स्तरिय शिक्षा तथा स्वास्थ्य समिती
१०) जिल्ला स्तरिय यौन तथा प्रजनन स्वास्थ्य सिमती
११) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार राष्ट्रिय संजाल नेपाल
१२) जिल्ला दैवी प्रकोप उद्दार समिती, डोटी
१२) मानविय सहायता साझेदारी, (केयर नेपाल)

**संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरू: (Introduction to the NGO's Vision, mission Goal and objectives)**

क) संस्थाको परिकल्पना (Vision) "समतामूलक समाज निर्माण, हाम्रो अभियान।"
अधिकार, समानता र सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण।

ख) ध्येय (Mission): दलित, महिला, सीमान्तकृत तथा पछाडि पारिएका समुदायको अधिकार, सशक्तीकरण र सम्मानजनक जीवनयापनका लागि समावेशी तथा अधिकारमा आधारित पहलमार्फत सामाजिक न्याय र समानता प्रवर्द्धन गर्ने।

ग) लक्ष्य (Goal): सीमान्तकृत तथा पछाडि पारिएका समुदायको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, स्वास्थ्य, सांस्कृतिक, वातावरणीय तथा लैङ्गिक सशक्तीकरणमार्फत उनीहरूको जीवनस्तरमा दिगो सुधार ल्याउने।

**घ) संस्थाको उद्देश्य:**

१) मानव अधिकार र सामाजिक न्याय सुनिश्चित गर्न महिला, दलित, युवा तथा अपाङ्गता भएका व्यक्तिहरूको संगठन, सशक्तीकरण र नेतृत्व विकासका लागि एकीकृत कार्यक्रम तथा अभियान सञ्चालन गर्ने।
२) जातीय तथा लैङ्गिक समानता सम्बन्धी संवैधानिक र कानुनी अधिकारबारे दलित महिला, बालबालिका तथा सीमान्तकृत र वञ्चित समुदायको चेतना अभिवृद्धि गर्दै विकासको मूलप्रवाहमा समावेश गर्न विभिन्न सचेतना तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने।
३) दलित, महिला, युवा, बालबालिका, गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन, मुक्त हलिया तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि एकीकृत सामाजिक विकासका कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्ने।
४) दलित, गरिब तथा सीमान्तकृत समुदायको जीविकोपार्जनमा सुधार ल्याउन खाद्य सुरक्षा, खाद्य अधिकार तथा पोषणलाई मौलिक अधिकारका रूपमा प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने।
५) सामाजिक समावेशीकरण, लोकतन्त्र, सुशासन, दिगो विकास तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा अधिकारमा आधारित कार्यक्रम सञ्चालन गर्ने।
६) जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण, उत्थानशीलता तथा मानवीय सहायता र प्रतिकार्य सम्बन्धी समुदायको जनचेतना अभिवृद्धि तथा क्षमता विकास मार्फत सहयोग गर्ने।
७) स्थानीय स्रोत–साधनको परिचालन गर्दै विभिन्न सरकारी निकाय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा समानचाँसो भएका संस्थाहरूसँग समन्वय र साझेदारीमा सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने।

### **संस्थाका मूल मूल्य मान्यता तथा सिद्धान्तहरू (Core Values and Principles)**

सम विकास केन्द्र नेपाल सदस्यतामा आधारित सामाजिक रूपान्तरणको अभियानबाट विकसित भएको अधिकारमा आधारित गैरसरकारी संस्था हो । जातीय छुवाछुत, लैङ्गिक विभेद, अन्याय, असमानता तथा सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाज निर्माण गर्ने आफ्नो परिकल्पनालाई साकार पार्न संस्था निम्न मूल मूल्य मान्यता तथा सिद्धान्तहरूलाई आत्मसात् गर्दै आएको छ:

१. **एकता (Unity):** विविधता, समान उद्देश्य र साझा प्रतिबद्धताका आधारमा व्यक्ति, समुदाय, संस्था तथा सरोकारवालाबीच एकता, सहकार्य र सामूहिक प्रयासलाई प्राथमिकता दिने ।

२. **सहभागिता (Participation):** विशेषगरी दलित, महिला, सीमान्तकृत तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता, आवाज, निर्णय प्रक्रियामा पहुँच र नेतृत्वलाई सुनिश्चित गर्ने ।

३. **मानवीय व्यवहार (Human Dignity & Respect):** प्रत्येक व्यक्तिको मर्यादा, सम्मान, स्वतन्त्रता र समान मानवीय मूल्यलाई स्वीकार गर्दै भेदभावरहित, संवेदनशील र सम्मानजनक व्यवहार गर्ने ।

४. **समता तथा समानता (Equity & Equality):** जात, लिङ्ग, वर्ग, क्षेत्र, अपाङ्गता वा अन्य कुनै आधारमा हुने विभेदको अन्त्य गर्दै समान अधिकार, अवसर र न्यायपूर्ण पहुँच सुनिश्चित गर्ने ।

५. **मानव अधिकार तथा सामाजिक न्याय (Human Rights & Social Justice):** मानव अधिकार, नागरिक अधिकार र सामाजिक न्यायलाई संस्थाका नीति, कार्यक्रम तथा व्यवहारको आधार बनाउने ।

६. **समावेशिता (Inclusion):** विविधता र भिन्नतालाई सम्मान गर्दै सीमान्तकृत तथा पछाडि पारिएका समुदायलाई संस्थागत तथा विकास प्रक्रियामा समान अवसर र स्थान प्रदान गर्ने ।

७. **पारदर्शिता तथा जवाफदेहिता (Transparency & Accountability):** संस्थाका निर्णय, स्रोत परिचालन, कार्यक्रम तथा परिणाममा पारदर्शिता, जिम्मेवारी र सरोकारवालाप्रति जवाफदेहितालाई कायम गर्ने ।

८. **इमानदारी तथा नैतिकता (Integrity & Ethics):** इमानदारी, निष्पक्षता, जिम्मेवारी र नैतिक आचरणलाई संस्थागत संस्कृति तथा कार्यसम्पादनको आधार बनाउने ।

### **संस्थाको कार्यक्षेत्रः (Geographical Working Areas)**

साविकमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल रहेको यस डोटी जिल्ला हाल सुदूर पश्चिम प्रदेशमा पर्दछ । सिलगढी सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा बझाङ तथा दक्षिणमा कैलाली जिल्लाहरू रहेका छन् । भविष्यमा सुदूर पश्चिम प्रदेशका सबै जिल्लाहरुलाई कार्यक्षेत्रको रुपमा समेटने लक्ष्य लिएको सम विकास केन्द्र नेपालले हाल भौगोलिक कार्यक्षेत्रको रुपमा समग्र डोटी जिल्लालाई ओगटेको छ, जसमा आ.व. २०८१/८२ मा ६५ वडाहरू ओगटीएको थियो भने २०८२/८३ मा ४३ वटा वडाहरू ओगटीएका छन ।

**संस्थाको रणनीतिक क्षेत्रः (Organizational's Startegic working areas):**

I. **मानव अधिकार, सामाजिक न्याय तथा विभेदको अन्त्यः** मानव अधिकारको प्रत्याभुती, समानताको सुनिश्चितता र सामाजिक न्यायको अनुभुति ।

II. **लैंगिक समानता, महिला सशक्तिकरण तथा नेतृत्वः** नेतृत्व विकासको अवसर, लैंगिक समानताको प्रवर्द्धन, स्रोतसाधन तथा सेवामा पहुँच ।

III. **गुणस्तरिय शिक्षा तथा वालवालिकाको समग्र विकास र सुरक्षाः** वाल अधिकारको संरक्षण, सुरक्षित सिकाइ वातावरणको विकास र शैक्षिक सुशासनको माध्यमबाट गुणस्तरिय सार्वजनिक शिक्षामा पहुँच बृद्धी ।

IV. **उत्थानशिल जीविकोपार्जन तथा आर्थिक सशक्तिकरणः** खाध्य सुरक्षा सुनिश्चितता, खाध्य तथा पोषण अधिकारको प्रर्वद्दन र लक्षित समुदायको जीवन स्तरमा सुधार ।

V. **जलवायु न्याय र विपद जोखिम ब्यबस्थापनः** जलवायु अनुकुलन सामुदायिक अभ्यास, पुर्वतयारी, प्रतिकार्य र पुर्नस्थापनामा सहयोग ।

VI. **समावेशी जवाफदेहि तथा नागरिक केन्द्रित सुशासनः** सामाजिक जवाफदेहिता, पारदर्रशिता र उरदायित्वको प्रर्वद्दन र अभ्यास ।

VII. **संस्थागत सुदृढीकरण, ज्ञान साझेदारी तथा प्रभाव विस्तारः** समुदायको आवश्यकता र माग सम्बोधनका लागि समन्वय, सहकार्य र साझेदारी ।

**आ.व २०८२/८३ सहयोग गर्ने साझेदार संस्थाहरूः (Partner Organizations):**

(१) एक्शनएड नेपाल

(२) ड्र्यानचर्सएड (डीसीए) नेपाल

(३) फ्रिडम फण्ड, एक्शनएड नेपाल

(४) मोफा जापन, गुडनेवर्स इन्टरनेशनल जापान र गुडनेवर्स इन्टरनेशनल नेपाल

(५) स्थानिय तह (नगर/गाउँ पालिका, वडा)


(६) सरकारी निकायहरू (सामजिक विकास कार्यालय, शिक्षा, स्वास्थ्य, कृषि, प्रहरी, प्रशासन)

(७) समुदाय र सामुदायिक संगठन, संजाल, सहकारी

(८) अन्य गैसस र समान चाँसो भएका संस्थाहरू

**संस्थाको समावेशी संरचना:**

**आ.व. २०८२/८३मा संस्थाका सदस्य एंव कर्मचारीहरुको विवरण:**




| | Dalit Male | Dalit Female | Janjati Male | Janjati Female | Others Male | Others Female | Total Male | Total Female |
|---|---|---|---|---|---|---|---|---|
| Board | 4 | 3 | 0 | 0 | 2 | 0 | 6 | 3 |
| General Members | 42 | 43 | 3 | 3 | 7 | 7 | 52 | 53 |
| Staffs | 14 | 2 | 2 | 0 | 5 | 4 | 21 | 6 |
| Volunteers | 8 | 3 | 1 | 0 | 0 | 1 | 9 | 4 |
| Total | 68 | 51 | 6 | 3 | 14 | 12 | 88 | 66 |

**संस्थामा आ.व. २०८२/८३ मा संचालित कार्यक्रम तथा परियोजनाहरू:**

**आ.व. २०८२/८३ मा संचालित कार्यक्रमहरू**

| पालिकाको नाम | कार्यक्रम तथा परियोजनाको नाम | कैफियत |
|---|---|---|
| १। दिपायल सिलगढी नगरपालिका | १। स्थानिय अधिकार कार्यक्रम ३५ | Phased out |
| | २। कृषिमा आधारित बधुवाँ श्रमको अन्त्य परियोजना | Phased out |
| | ३। वालवालिकाको पोषण स्थितीमा सुधार परियोजना | Phased out |
| २। शिखर नगरपालिका | १। स्थानिय अधिकार कार्यक्रम ३५ | Phased out |
| | २। पहुँच परियोजना | Continue. |
| | ३। उपहार कार्यक्रम | Phased out |
| | ४। कृषिमा आधारित बधुवाँ श्रमको अन्त्य परियोजना | Phased out |
| ३। केआईसिंह गाउँपालिका | १। स्थानिय अधिकार कार्यक्रम ३५ | Phased out |
| | ३। पहुँच परियोजना | Continue. |
| ४। सायल गाउँपालिका | १। कृषिमा आधारित बधुवाँ श्रमको अन्त्य परियोजना | Phased out |
| ५। जोरायल गाउँपालिका | १। स्थानिय अधिकार कार्यक्रम ४६ | Continue. |

## आ.व २०८२/८३ मा संचालित परियोजना बमोजिम लाभान्वित समुदायको विवरण तथा उपलब्ब्धिहरू


**१) स्थानिय अधिकार कार्यक्रम ४६, जोरायल (LRP-46)**

कार्यक्षेत्र: दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका र के.आई.सिंह गाउँपालिका

नयाँ कार्यक्षेत्र: जोरयाल गाउँपालिका वडा नं. १ देखि ६ सम्म

स्वीकृत वजेटः रू. ९९ लाख २४ हजार र रू. ५० लाख।

**लाभान्वित समुदायको विवरणः**




| | Total | | Dalit | | Janjati | | Others | |
|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | Male | Female | Male | Female | Male | Female |
| Women Group-15 | | 475 | | 194 | | 16 | | 265 |
| Labor Group-4 | | 119 | | 55 | | 15 | | 49 |
| Women Networks-6 | | 120 | | 23 | | 12 | | 85 |
| Youth Networks-4 | 33 | 50 | 15 | 5 | 2 | 3 | 16 | 42 |
| Adoloscent Group-2 | 0 | 49 | 0 | 11 | 0 | 8 | 0 | 30 |
| Child clubs-12 | 114 | 125 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Civic Forum- 1 | 6 | 3 | 0 | 2 | 0 | 0 | 6 | 1 |
| Bagar Kheti Samuha -1 | 0 | 20 | 0 | 18 | 0 | 0 | 0 | 2 |
| Total | 153 | 961 | 15 | 308 | 2 | 54 | 22 | 474 |


**२) पहुँच परियोजनाः सेवा तथा स्रोतहरूमा पहुँच प्रवर्द्धन, मानव अधिकार संरक्षण तथा अवरोधमा परेका व्यक्ति र समुदायको आवाज र पहुँच सुदृढीकरण परियोजना**

**पहुँच परियोजना अन्तरगत सम्पन्न कार्यहरूः**

कार्यक्षेत्रः शिखर नगरपालिका वडा नं. ५, ७ , ८, ९, १०, ११ , के. आई. सिंह गा.पा.को वडा नं १, २, र ३

स्वीकृत वजेटः रू. ९० लाख।

**लाभान्वित समुदायको विवरणः**




**१) स्थानिय अधिकार कार्यक्रम ४६ अन्तरगत आ.व २०८२/८३ मा सम्पन्न गतिविधि तथा पहलहरूः (Overview of projects, activities, and initiatives):**

- स्थानिय सरकार संग निरन्तर समन्वय र सहकार्य
- सम्भाब्यता अध्ययन, संस्थागत विकासमा सहयोग, प्रकाशन
- स्थानिय स्तरमा समुह संगठनको निर्माण, क्षमता विकास र परिचालन

- वाल अधिकार, महिला नेतृत्व विकास,  महिला अधिकार, श्रमिक अधिकारको क्षेत्रमा समुह, संजालहरूको क्षमता विकास, पैरवी र अभियान संचालन
- समुहमा टाइम डायरीको अभ्यास, महिलाको सेवा तथा हेरचाहमुलक कार्यको पहिचान, सम्मान र पुर्नवितरणमा सहजीकरण
- महिलाको कार्यबोझमा कमि ल्याइ उनिहरूलाइ उत्पादनमुलक कार्यमा संलग्न गराउन बैकल्पिक उपायको खोनी तथा म्याचिङ फण्ड सहयोग।
- स्थानिय तहसंग नीतीगत वहस, अन्तरक्रिया तथा सहजीकरण
- वालक्लव, यूवा, किसोरी तथा महिला सशक्तिकरणका गितविधि
- यूथहव स्थापना तथा यूवा र किसोरी समुह मार्फत समाजमा विद्धमान हानीकारक अभ्यासका विरूद्द अभियान संचालन
- उद्द्दम विकासका तालिम तथा घुम्तीकोष तथा अनुदान सहयोग र लघु ब्यबशाय संचालनमा सहयोग र सहजीकरण
- विपद, हिंसा प्रभावित महिला वालवालिकाहरूलाइ मानविय सहायता सहयोग
- आकर्षक विद्यालय निर्माणको पहल तथा नागरिक मञ्चको गठन र परिचालन
- अल्लोको सम्भाब्यता अध्ययन र उद्योग स्थापनाका लागि पालिका संग सहकार्यको पहल
- पर्यावरणीय खेती तथा वगरखेतीको प्रर्वद्दनमा सहयोग
- जलवायु न्याय सम्बन्धि अभियान
- सामाजिक परिचालन, अनुगमन, समुदाय स्तरिय सहभागितामुलक चिन्तन मनन
- जोरायल गाउँपालिका स्तरिय स्थानिय अधिकार कार्यक्रमको बस्तुगत अध्ययन, परिचयात्मक कार्यक्रम तथा समुदायस्तरिय कार्यक्रम संचालन

२) **पहुँच परियोजना अन्तरगत आ.व २०८२/८३ मा सम्पन्न गतिविधि तथा पहलहरू: (Overview of projects, activities, and initiatives):**

- स्थानिय सरकार संग निरन्तर समन्वय र सहकार्य
- समुदाय स्तरिय छलफल चौतारी संचालन, सवाल पहिचान, कार्ययोजना निर्माण र कार्यान्वयन
- जलवायु परिवर्तन, यसका असर तथा प्रभाव सम्बन्धी समुहका लक्षित समुदायको सशक्तिकरण, क्षमता अभिवृद्धि र अभियानका क्रियाकलापहरू
- सामाजिक समावेशीकरण, नेतृत्व विकास, योजना र वजेटमा महिलाको पहुँच अभिबृद्दिका क्रियाकलाप।
- महिला उद्यमशीलता, स्रोत, साधन तथा सूचनामा समान पहुँच सुनिश्चितका लागि क्षमता विकास, सहजीकरण र अनुदान सहयोग।
- केआइसिंह गाँउपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशसीकरण नीति समिक्षा तथा कार्ययोजना निर्माणमा सहकार्य
- मर्यादीत महिनावारी विषयक कार्यशाला तथा अभियान
- महिलाहरूको आर्थिक सशक्तिकरणका लागि अनुदान सहयोग
- सहभागितामुलक योजना तर्जुमा प्रक्रिया तथा नेतृत्व विकासको क्षेत्रमा महिलाहरूको क्षमता अभिबृद्दि
- महिला तथा दलित समुदायको डिजिटल साक्षरता र डिजिटल पहुँचमा सुधार बृद्दिका क्रियाकलाप।
- लैङ्गिक तथा जातीय विभेद अन्त्य तथा समावेशी राजनीतिक नेतृत्व प्रवर्द्धनकालागि क्षमता विकास, लेखाजोखा, अभियान र पैरवी
- केश अध्ययन तथा भीयो डकुमेन्ट्री, प्रकाशन
- पालिका स्तरिय बहुसरोकारवाला मञ्चहरूको नियिमत बैठक तथा योजना र उपलब्धिहरूको समिक्षा
- अनुगमन मुल्याकंन, समिक्षा र योजना निर्माण

## आ.व. २०८२/८३ का प्रमुख उपलब्धिहरूको सारांशीकरण (Summary Highlights)

### १) मानव अधिकार तथा सामाजिक न्याय



मानव अधिकारको संरक्षण, सामाजिक न्याय, समानता तथा विभेद न्यूनीकरणका लागि समुदायमा आधारित अभियान तथा पैरवीमार्फत उल्लेखनीय योगदान पुऱ्याइएको छ। यस क्रममा:

- २१ जना महिलाले नागरिकता प्राप्त गरी सरकारी सेवा तथा सामाजिक सुरक्षामा पहुँच सुनिश्चित।
- १५ जना बालबालिकाले विद्यालय अभिलेखमा आफ्नो वास्तविक थर सच्याई पहिचान र अधिकार सुनिश्चित।
- ५० दलित घरधुरीमा सिनो प्रथाको अन्त्य भई जातीय विभेद न्यूनीकरणमा सकारात्मक परिवर्तन।
- श्रमिक महिलाको पहलमा ४३ वटा ज्याला ठगीका मुद्दा दर्ता तथा जोरायल गाउँपालिकाद्वारा श्रमिक अधिकारसम्बन्धी ७ बुँदे प्रतिबद्धता सार्वजनिक।
- १,८२६ जना महिलाको सहभागितामा अधिकारसम्बन्धी अभियान सञ्चालन, जसको परिणामस्वरूप श्रमिकको दैनिक ज्याला रु. ५०० बाट रु. ७०० पुगेको।

### २) लैङ्गिक समानता तथा महिला सशक्तीकरण



महिला, किशोरी तथा युवाको नेतृत्व विकास, अधिकार सुनिश्चितता, लैङ्गिक हिंसा न्यूनीकरण तथा आर्थिक–डिजिटल सशक्तीकरण मार्फत लैङ्गिक समानता प्रवर्द्धनमा योगदान पुऱ्याइएको छ। यस क्रममा:

- महिला मानव अधिकार रक्षक तथा किसोरी समुहहरूको गठन।
- ८९७ जना महिला, किशोरी तथा युवाको संगठन तथा नेतृत्व क्षमता अभिवृद्धि।
- ६७ जना महिलाले विभिन्न संस्थागत संरचनामा नेतृत्वदायी भूमिका निर्वाह तथा ४१ जना महिलाको राजनीतिक सहभागिता।
- महिला समूहहरूको पहलमा १७ महिलामैत्री योजना प्रस्ताव, ९ योजना स्वीकृत।
- ७ वटा लैङ्गिक हिंसाका घटनामा कानुनी पहुँच सुनिश्चित तथा ७ घरपरिवार हिंसामुक्त।

- ४ टोल छाउगोठमुक्त घोषणा तथा ५४ महिलामा सुरक्षित महिनावारी व्यवस्थापनको अभ्यास।
- २५ जना क्लाइमेट च्याम्पियन तथा महिला नेतृहरूको नेतृत्व क्षमता विकास।
- ३८५ ग्रामीण महिलामा डिजिटल पहुँच विस्तार तथा ७० महिलाद्वारा मोबाइल बैंकिङ प्रयोग सुरु।

**३) गुणस्तरीय शिक्षा**

बालबालिकाका लागि सुरक्षित, समावेशी, बालमैत्री तथा सिकाइमैत्री शैक्षिक वातावरण निर्माण गर्न विद्यालयको पूर्वाधार, सुशासन, बाल सहभागिता र पोषणमा केन्द्रित कार्यक्रम सञ्चालन गरिएको छ। यस क्रममा:

- ४ विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री तथा लैंगिकमैत्री शौचालय, खानेपानी, भान्साघर र फोहोर व्यवस्थापन पूर्वाधार निर्माण तथा हस्तान्तरण।
- २ सार्वजनिक विद्यालयमा आकर्षक तथा सिकाइमैत्री विद्यालय विकासको आधार तयार।
- वालक्लव गठन, पुर्नगठन तथा क्षमता विकास र परिचालन।



Figure 1विधालय करेशावारी

- विद्यालयमा अतिरिक्त क्रियालकलापहरू संचालन।
- ५० विपन्न बालबालिकालाई शैक्षिक सामग्री वितरण तथा ५ जना विद्यालय बाहिर रहेका बालबालिकाको पुनः भर्ना।
- ३ विद्यालय सुशासनका लागि विद्यालय ड्यासबोर्डको स्थापना तथा नागरिक शिक्षा प्रतिवेदन तयार।
- २ विद्यालयमा साइबर सुरक्षा सचेतना कार्यक्रम सञ्चालन।
- वालवालिकाहरूको पोषणका लागि विद्यालयमा करेशावारीको स्थापना।

**४) उत्थानशील जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण**

महिला तथा विपन्न परिवारको आर्थिक सशक्तीकरण र उत्थानशील जीविकोपार्जन प्रवर्द्धनका लागि कृषि, उद्यमशीलता तथा स्थानीय स्रोतमा आधारित आयआर्जनका अवसर विस्तार गरिएको छ। यस क्रममा:

- ३६ महिला कृषक व्यावसायिक अर्ग्यानिक तरकारी उत्पादनमा आबद्ध भई मासिक रु. ३०,००० सम्म आम्दानी।
- ५६ घरपरिवारमा 'एक घर–एक करेसाबारी' कार्यक्रम विस्तार।
- अल्लो उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन सम्पन्न तथा रु. ५ लाख बजेट सुनिश्चित।
- २२ महिलाले कृषि तथा गैरकृषि उद्यम सञ्चालन।
- २० महिला कृषकद्वारा २४ क्विन्टल तरभुजा उत्पादन तथा बिक्री।
- ४५ महिलाले विभिन्न उद्यममार्फत मासिक रु. ५,००० देखि रु. ८०,००० सम्म आम्दानी।
- २६ महिलाले बीउ पूँजी प्राप्त गरी व्यवसाय विस्तार।






## ५) जलवायु न्याय तथा विपद् जोखिम व्यवस्थापन

जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा समुदाय, महिला, युवा तथा विद्यालयसँग सहकार्य गर्दै जलवायु अनुकूलन, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याइएको छ। यस क्रममा:

- ३५१ महिलामा जलवायु परिवर्तन तथा अनुकूलन सम्बन्धी ज्ञान अभिवृद्धि।
- ३ महिला समूहद्वारा 'मुट्ठीदान' अभियानमार्फत सामुदायिक विपद् कोष स्थापना।
- ४ जोखिममा रहेका बालबालिकालाई आपतकालीन सहयोग।
- ६९ महिलाको सहभागितामा वृक्षारोपण, मुहान संरक्षण तथा सरसफाइ अभियान।
- ३३ युवाको नेतृत्वमा वातावरण संरक्षण तथा फोहोर व्यवस्थापन अभियान।
- १० विद्यालयका १,४३० विद्यार्थीमा जलवायु परिवर्तनसम्बन्धी ज्ञान र व्यवहारमा सुधार।



- २५ घरधुरीमा विद्युतीय चुलो तथा २५४ घरधुरीमा जैविक, अजैविक फोहोर व्यवस्थापन प्रणालीको प्रयोग विस्तार।

**समग्र उपलब्धि:**

आर्थिक वर्ष २०८२/८३ मा इडीसी नेपालले लक्षित समुदायको अधिकारमा पहुँच, महिला नेतृत्व विकास, शिक्षा, जीविकोपार्जन, वातावरण संरक्षण तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्दै स्थानीय सरकार, समुदाय तथा साझेदार संस्थाहरूसँगको सहकार्यमा समावेशी, न्यायपूर्ण र दिगो विकासतर्फ महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**संस्थाको रणनीतिक उद्देश्य अनुसार आ.व. २०८२/८३ का प्रमुख उपलब्धिहरूको विस्तृत विवरणः (Detailes of the Major Achievements in FY 2082/83 According to the Organization's Strategic Objectives)**

**१) संस्थागत विकास**

क) आर्थिक वर्ष २०८२/८३ मा संस्थागत सुशासन, व्यवस्थापन प्रणाली सुदृढीकरण तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका दृष्टिले इडीसी–नेपालका लागि महत्वपूर्ण उपलब्धिहरू हासिल भएको वर्षका रूपमा रहेको छ। यस अवधिमा संस्थाले आफ्नो आन्तरिक नीति तथा व्यवस्थापन प्रणालीलाई समयानुकूल परिमार्जन गर्नुका साथै स्थानीय सरकार, सरकारी निकाय तथा अन्य सरोकारवालासँगको सहकार्यलाई थप सुदृढ बनाएको छ।

ख) संस्थाको सुशासन तथा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन आर्थिक नीति, मानव संशाधन नीति, खरिद नीति तथा आचारसंहिताको पुनरावलोकन गरी संशोधन गरिएको छ। संशोधित नीतिहरू २०८२ साल श्रावण १ गतेदेखि कार्यान्वयनमा ल्याइएका छन्, जसले संस्थागत पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन तथा मानव संशाधन व्यवस्थापनलाई थप व्यवस्थित बनाउन सहयोग पुगेको छ।

ग) संस्थाद्वारा सञ्चालित सबै परियोजना तथा कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन र समीक्षा प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। यस प्रक्रियाले कार्यक्रमको गुणस्तर अभिवृद्धि, सिकाइ आदान–प्रदान, उत्तरदायित्व प्रवर्द्धन तथा परिणाममुखी व्यवस्थापनलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

घ) आर्थिक वर्षभर स्थानीय सरकार तथा विभिन्न सरकारी निकायहरूसँग प्रभावकारी समन्वय र सहकार्य गर्दै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दिवसहरू, जनचेतनामूलक अभियानहरू तथा समुदायमुखी कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गरिएको छ। यसबाट संस्था र स्थानीय सरकारबीचको साझेदारी थप मजबुत हुनुका साथै कार्यक्रमहरूको प्रभावकारिता वृद्धि भएको छ।

ङ) संस्थाको भौतिक पूर्वाधार सुदृढीकरणतर्फ कार्यालय परिसरको सुरक्षा व्यवस्थापनका लागि ग्याबिन जाली सहितको पर्खाल निर्माण गरिएको छ। साथै कार्यालयदेखि राजमार्ग सम्म पहुँच सहज बनाउन बाटो निर्माण

गरिएको, जसले कर्मचारी, सेवाग्राही तथा सरोकारवालाहरूको आवतजावतलाई सुरक्षित र व्यवस्थित बनाएको छ ।

च) शिक्षा क्षेत्रमा सम्पन्न पूर्वाधार विकास कार्यक्रम अन्तर्गत दिपायल सिलगढी नगरपालिकाका चारवटा सामुदायिक विद्यालयमा निर्माण गरिएका भान्साघर, बालमैत्री धारा, शौचालय तथा फोहोर व्यवस्थापन सम्बन्धी पूर्वाधारहरू स्थानीय सरकारको रोहवरमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको छ । यसले विद्यालयमा सुरक्षित, स्वच्छ तथा बालमैत्री सिकाइ वातावरण प्रवर्द्धन गर्न सहयोग पुगेको छ ।

छ) कार्यक्रम सञ्चालनलाई प्रभावकारी, उत्तरदायी तथा स्थानीयकरण गर्न 'फिल्ड कार्यालय सञ्चालन कार्यविधि, २०८२' जारी गरिएको छ । उक्त कार्यविधि अनुसार जोरायल गाउँपालिकामा संस्थाको फिल्ड कार्यालय स्थापना गरी स्थानीय अधिकार कार्यक्रम (LRP- 46) प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । यसले स्थानीय तहसँगको समन्वय, समुदायसँगको पहुँच तथा कार्यक्रम कार्यान्वयनलाई थप सुदृढ बनाएको छ ।

छ) सामाजिक सुरक्षा तथा संरक्षण सेवाको निरन्तरताका लागि जिल्ला अस्पताल, डोटीसँग सञ्चालित सामाजिक सुरक्षा एकाइको सेवा सञ्चालन सम्बन्धी सम्झौता पुनरावलोकन गरिएको छ । यसबाट हिंसा तथा जोखिममा परेका महिला, बालबालिका र अन्य प्रभावित व्यक्तिहरूको सेवा पहुँच सुनिश्चित गर्न सहयोग पुगेको छ ।

ज) हरित जीविकोपार्जन तथा स्थानीय उद्यम विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले जोरायल गाउँपालिकाको सहकार्यमा अल्लो संकलन, प्रशोधन तथा उद्योग स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ । साथै स्थानीय जनप्रतिनिधि, सरोकारवाला तथा समुदायका प्रतिनिधिहरूको सहभागितामा अध्ययन अवलोकन भ्रमण सम्पन्न गरी स्थानीय स्रोतमा आधारित उद्यम विकासका सम्भावनाहरू पहिचान गरिएको छ ।

झ) संस्थाको सूचना तथा सञ्चार प्रणालीलाई थप प्रभावकारी बनाउन संस्थाको वेबसाइट नियमित रूपमा अद्यावधिक गरिएको छ । साथै फेसबुक पेज, म्यासेन्जर, भाइबर तथा ह्वाट्सएप लगायतका डिजिटल सञ्चार माध्यमहरूको प्रभावकारी प्रयोग मार्फत संस्थाका गतिविधि, उपलब्धि तथा सूचनाहरू सरोकारवालाहरू र समुदायसम्म समयमै पुऱ्याउने कार्यलाई निरन्तरता दिइएको छ ।

ञ) आर्थिक वर्ष २०८२/८३ मा इडीसी नेपालले आफ्नो रणनीतिक योजना अनुरूप मानव अधिकार, सामाजिक न्याय, लैङ्गिक समानता, गुणस्तरीय शिक्षा, उत्थानशील जीविकोपार्जन तथा जलवायु न्यायका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । स्थानीय सरकार, समुदाय, नागरिक समाज, महिला समूह, युवा सञ्जाल तथा विकास साझेदारहरूसँगको सहकार्यबाट लक्षित समुदायको अधिकार, सहभागिता, नेतृत्व तथा जीवनस्तरमा सकारात्मक परिवर्तन देखिएको छ । यस अवधिमा प्राप्त प्रमुख गुणात्मक नतिजाहरू निम्नानुसार रहेका छन् ।

**२) सामाजिक रूपान्तरण तथा सामाजिक विकासको क्षेत्रमा भएका उपलब्धिहरू:**

आर्थिक वर्ष २०८२/८३ मा समविकास केन्द्र नेपालले मानव अधिकार, सामाजिक न्याय, लैङ्गिक समानता, गुणस्तरीय शिक्षा, उत्थानशील जीविकोपार्जन तथा जलवायु न्यायका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको

छ। यस अवधिमा स्थानीय सरकार, समुदाय तथा विकास साझेदारहरूसँगको प्रभावकारी सहकार्यबाट निम्न प्रमुख उपलब्धिहरू प्राप्त भएका छन्।

**१) मानव अधिकार तथा सामाजिक न्यायः**



मानव अधिकारको संरक्षण, समानताको सुनिश्चितता तथा सामाजिक न्याय प्रवर्द्धनका क्षेत्रमा संस्थाले समुदाय केन्द्रित अभियान, कानुनी सहजीकरण तथा पैरवीलाई प्राथमिकता दिएको छ। यस अवधिमा २१ जना महिलाले नागरिकता प्राप्त गरी सरकारी सेवा, सामाजिक सुरक्षा तथा अन्य सार्वजनिक सेवामा आफ्नो पहुँच सुनिश्चित गरेका छन्। त्यसैगरी १५ जना बालबालिकाले विद्यालय अभिलेखमा आफ्नो वास्तविक थर सच्याउन सफल भएका छन्, जसले उनीहरूको पहिचान, आत्मसम्मान तथा अधिकारप्रतिको विश्वासलाई थप सुदृढ बनाएको छ।

जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि समुदायस्तरमा सञ्चालन गरिएका निरन्तर अभियान, संवाद तथा वडाको सहजीकरणका परिणामस्वरूप के.आइ.सिंह गाउँपालिका ३ र शिखर नगरपालिका ९ का ५० दलित घरधुरीमा रहेको सिनो प्रथाको अन्त्य भएको छ। यस उपलब्धिले सामाजिक सद्भाव, समानता तथा जातीय विभेद न्यूनीकरणतर्फ महत्वपूर्ण आधार तयार गरेको छ।




श्रमिक अधिकार प्रवर्द्धनका क्षेत्रमा श्रमिक महिला संगठनको सक्रियताबाट ज्याला ठगी सम्बन्धी ४३ वटा मुद्दा दर्ता भएका छन्। श्रमिक अधिकारको संरक्षणका लागि भएको निरन्तर पैरवीपछि जोरायल गाउँपालिकाले श्रमिक अधिकार प्रवर्द्धनका लागि सात बुँदे प्रतिबद्धता सार्वजनिक गरेको छ। साथै १,८२६ जना महिलाको सहभागितामा महिला, दलित तथा श्रमिक अधिकार सम्बन्धी अभियान सञ्चालन गरिएकाले समुदायमा अधिकार सम्बन्धी चेतना अभिवृद्धि भएको छ। यसको प्रत्यक्ष प्रभावस्वरूप श्रमिक महिलाको दैनिक ज्याला रू. ५०० बाट ७०० वृद्धि भएको छ।

## २) लैंगिक समानता तथा महिला सशक्तिकरणः

महिलाको नेतृत्व विकास, निर्णय प्रक्रियामा सहभागिता तथा स्रोत–साधन र सेवामा पहुँच विस्तार गर्न सञ्चालन गरिएका कार्यक्रमहरूले उत्साहजनक नतिजा हासिल गरेका छन्। प्रतिवेदन अवधिमा ८९७ जना महिला, किशोरी



तथा युवाहरू विभिन्न समूह तथा सञ्जालमा संगठित भई महिला अधिकार, लैङ्गिक समानता तथा हिंसा न्यूनीकरणका विषयमा सामूहिक रूपमा पैरवी गर्न सक्षम भएका छन्। विद्यालय व्यवस्थापन समिति, सामुदायिक वन, उपभोक्ता समिति लगायत विभिन्न संरचनामा १३२ जना महिलाको प्रतिनिधित्व रहेकोमा ६७ जना महिलाले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् भने ४१ जना महिलाहरू विभिन्न राजनीतिक दलमा आबद्ध भई सार्वजनिक निर्णय प्रक्रियामा सक्रिय भएका छन्। महिला समूहहरूको पहलमा १७ वटा महिलामैत्री योजनाहरू स्थानीय तहमा पेश भएका र तीमध्ये ९ वटा योजनाहरू स्वीकृत भई कार्यान्वयनको चरणमा पुगेका छन्।

जोरायल गाउँपालिकाले लैङ्गिक हिंसा निवारण कार्यविधि संशोधन गर्ने तथा रेफरल निर्देशिका लागू गर्ने प्रतिबद्धता जनाएको छ। समुदायमा परिचालित ११ जना महिला मानव अधिकारकर्मीको सक्रियताबाट लैङ्गिक हिंसाका सात वटा घटनालाई कानुनी प्रक्रियामा ल्याउन सफल भएका छन। यसका साथै सात घरपरिवार महिला हिंसामुक्त बनेका छन् भने शिखर नगरपालिकामा पाँच जना महिलाहरूले हाते ट्र्याक्टर प्रयोग गर्न थालेपछि कृषि क्षेत्रमा महिलाको कार्यबोझ घट्नुका साथै परम्परागत लैङ्गिक सोचमा सकारात्मक परिवर्तन आउन थालेको छ। महिलाको पारिश्रमिक विनाको हेरचाह तथा घरेलु कार्य (Unpaid Care Work) सम्बन्धी ५३० जना महिलाहरूमा ज्ञान अभिवृद्धि भएको छ भने २३ घरपरिवारमा घरेलु कामको पुनर्वितरण सुरु भई महिलाको कार्यबोझ न्यूनीकरणतर्फ सकारात्मक अभ्यासको विकास



भएको छ। ५४ जना महिलाले सुरक्षित तथा मर्यादित महिनावारी व्यवस्थापन अपनाउन थालेका छन् भने जोरायल गाउँपालिकाका चार वटा टोल छाउ गोठमुक्त घोषणा भएका छन्।

अन्तर्राष्ट्रिय महिला दिवस तथा विश्व वातावरण दिवसमा १,०८५ जना महिलाहरूको सहभागिताले लैङ्गिक समानता, जलवायु न्याय, वातावरण संरक्षण तथा जातीय विभेद न्यूनीकरणप्रति समुदायमा व्यापक सचेतना अभिवृद्धि भएको छ । साथै २५ जना क्लाइमेट च्याम्पियन तथा महिला नेतृहरूले स्थानीय जलवायुमैत्री योजना तथा अभियानको नेतृत्व गर्ने क्षमता विकास गरेका छन् ।




डिजिटल समावेशीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिएका कार्यक्रमबाट ३८५ जना ग्रामीण महिलाले फेसबुक, मेसेन्जर, आईएमओ, ह्वाट्सएप जस्ता डिजिटल माध्यम प्रयोग गर्न सिकेका छन् भने ७० जना महिलाले मोबाइल बैंकिङ सेवा प्रयोग गर्न थालेका छन् । २३५ जना महिलाले साइबर कानुन तथा सुरक्षित डिजिटल अभ्यास सम्बन्धी ज्ञान हासिल गरेपछि डिजिटल प्रविधिको सुरक्षित प्रयोग र समुदायस्तरमा डिजिटल सचेतना विस्तार भएको छ ।

### ३) गुणस्तरिय शिक्षाः

बालअधिकार संरक्षण, सुरक्षित सिकाइ वातावरण तथा शिक्षा सुशासन प्रवर्द्धनका लागि संस्थाले विद्यालय तथा स्थानीय सरकारसँग सहकार्य गर्दै पूर्वाधार विकास, शैक्षिक सामग्री सहयोग तथा विद्यालय सुधारका कार्यक्रम सञ्चालन गरेको छ ।




दिपायल सिलगढी नगरपालिकाका चारवटा विद्यालयमा करेसाबारी, बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री शौचालय, सुरक्षित खानेपानी, भान्साघर तथा फोहोर व्यवस्थापनका पूर्वाधार निर्माण गरी स्थानीय सरकारको रोहवरमा विद्यालयलाई हस्तान्तरण गरेको छ । यसबाट बालबालिकाको सिकाइ वातावरण, पोषण तथा स्वास्थ्यमा सकारात्मक सुधार हुने आधार तयार भएको छ । जोरायल गाउँपालिकाका दुई सार्वजनिक विद्यालयलाई आकर्षक विद्यालयका रूपमा विकास गर्न पहल गरिएको छ । ५० जना विपन्न तथा सीमान्तकृत बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ भने, विद्यालय बाहिर रहेका पाँच जना बालबालिकालाई पुनः विद्यालय भर्ना गराई शिक्षाको अधिकार सुनिश्चित गरिएको छ ।



पालिका स्तरीय नागरिक मञ्चमार्फत विद्यालय सुधार, श्रमिक अधिकार, न्यायमा पहुँच तथा लागूऔषध नियन्त्रण सम्बन्धी अभियान सञ्चालन गरिएको छ । साथै तीन वटा विद्यालयमा नागरिक शिक्षा प्रतिवेदन तथा विद्यालय ड्यासबोर्ड स्थापना गरी पारदर्शिता, जवाफदेहिता र परिणाममुखी विद्यालय व्यवस्थापनको अभ्यासलाई संस्थागत गरिएको छ । १० जना युवा डिजिटल सुरक्षा अभियन्ताको परिचालन मार्फत दुई विद्यालयमा साइबर सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरी विशेषगरी किशोरी तथा बालिकाहरूमा सुरक्षित डिजिटल अभ्यास प्रवर्द्धन गरिएको छ ।

**४) उत्थानशिल जीविकोपार्जन तथा आर्थिक सशक्तिकरणः**

लक्षित समुदायको खाद्य सुरक्षा, पोषण तथा आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्ने उद्देश्यले कृषि, उद्यमशीलता तथा सीप विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ । ३६ जना महिला कृषकले व्यावसायिक अर्गानिक तरकारी उत्पादनबाट मासिक रू. ३०,००० सम्म आम्दानी गर्न सफल भएका छन् भने ५६ घरपरिवारले ‘एक घर–एक करेसाबारी’ कार्यक्रम मार्फत खाद्य तथा पोषण सुरक्षामा सुधार गरेका छन् ।



जोरायल गाउँपालिकासँगको सहकार्यमा अल्लो प्रशोधन उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन सम्पन्न भएको छ । आठ जना महिलालाई सीप विकास तालिमका लागि छनोट गरिएको छ भने गाउँपालिकाले उद्योग स्थापना गर्न रू. ५ लाख वियोजन गरि स्थानिय स्रोतमा आधारित उधम विकास प्रति आफ्नो प्रतिबद्धता जनाएको छ ।

घुम्तीकोष तथा कृषि अनुदान कार्यक्रम मार्फत २२ जना महिलाले कृषि तथा गैरकृषि उद्यमहरू सञ्चालन गरेका छन् । बगर खेती पुनः सञ्चालन गरी २० जना महिला कृषकले २४ क्विन्टल तरभुजा उत्पादन तथा बिक्री गरेका छन् भने बास्मती धान, बदाम तथा टनेल प्रविधि मार्फत अर्गानिक तरकारी उत्पादन विस्तार गर्ने तयारी गरेका छन् ।

जैविक कृषि प्रवर्द्धनका लागि स्थानीय सरकारले नीतिगत प्रतिबद्धता तथा रणनीतिक कार्ययोजना तयार गरेको छ । जोरायालमा अचार उत्पादन सम्बन्धी सीप विकास तालिमबाट महिलाहरू स्वरोजगारतर्फ आकर्षित भएका छन्, जसमा नौ जनामध्ये चार जनाले व्यावसायिक अचार उत्पादन सुरु गरि विक्री वितरण गर्न थालेका छन् । ८५ जना महिला उद्यमी तथा १५६ जना महिलाहरूले सामाजिक सञ्जालमार्फत आफ्ना उत्पादनको प्रचार–प्रसार तथा बजारीकरण गरी आम्दानीका



अवसर विस्तार गर्न सफल भएका छन् ।



त्यसैगरी के.आइ.सिंह गा.पा. र शिखर न.पा. का ४५ जना महिलाहरूले बाख्रापालन, कुखुरापालन, सिलाइ–कटाइ, स्टेशनरी, फोटोकपी, खुद्रा पसल तथा तरकारी खेती मार्फत मासिक रू. ५० हजार देखि ८० हजार सम्म आम्दानी गर्दै आर्थिक आत्मनिर्भरता हासिल गरेका छन् । २६ जना महिलाले प्रति व्यक्ति रू. २५ हजारका दरले बीउ पूँजी प्राप्त गरी आफ्ना व्यवसाय विस्तार गरेका छन् भने महिलामैत्री कृषि प्रविधिको प्रयोगबाट महिलाहरूको कृषि कार्यबोझ न्यूनीकरण तथा उत्पादकत्वमा वृद्धि भएको छ ।

**५) जलवायु न्याय तथा विपद जोखिम ब्यबस्थापनः**

जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा समुदाय तथा युवाको नेतृत्वमा प्रभावकारी अभियान सञ्चालन गरिएको छ । ३५१ जना महिलाले जलवायु परिवर्तनका प्रभाव तथा अनुकूलन सम्बन्धी ज्ञान हासिल गरेका छन्, जसमध्ये १५१ जनाले चाङ तथा २५ जनाले प्राङ्गारिक मल प्रयोग गर्ने वातावरणमैत्री अभ्यास अपनाएका छन् ।






जोरायालमा तीन वटा महिला समूहले 'मुट्ठीदान' अभियान मार्फत सामुदायिक विपद् कोष स्थापना गरी स्थानीय स्रोत परिचालनलाई संस्थागत गर्ने अभ्यासको थालनी गरेका छन् । यसवर्ष चार जना जोखिममा रहेका बालबालिकाहरूलाई आपतकालीन आर्थिक सहयोग उपलब्ध गराई संरक्षण तथा राहत सुनिश्चित गरिएको छ ।

६९ जना महिलाले पानीका मुहान संरक्षण, वृक्षारोपण तथा सरसफाइ अभियान सञ्चालन गरेका छन् भने ३३ जना युवाको नेतृत्वमा बजार सरसफाइ, प्लास्टिकजन्य फोहोर नियन्त्रण तथा वातावरण संरक्षण अभियान सञ्चालन गरिएको छ । स्थानीय सरकारसँगको सहकार्यमा विपद् तथा जलवायु व्यवस्थापनमा युवाको सहभागिता संस्थागत गर्ने पहल पनि अघि बढाइएको छ ।

शिखर नगरपालिका तथा केआइसिंह गाउँपालिका १० वटा

विद्यालयका ४३० जना विद्यार्थीको सहभागितामा सञ्चालन गरिएका जलवायु परिवर्तन सम्बन्धी अतिरिक्त क्रियाकलापले विद्यालय देखि समुदायसम्म जलवायु परिवर्तन, अनुकूलन तथा न्यूनीकरण सम्बन्धी ज्ञान र व्यवहारमा सकारात्मक परिवर्तन ल्याएको छ। पाँच वटा विद्यालयमा वृक्षारोपण तथा जैविक–अजैविक फोहोर व्यवस्थापन प्रणाली संस्थागत भएको छ भने, तीन वटा विद्यालयमा कम्पोस्ट मल उत्पादन तथा विद्यालयस्तरीय तरकारी बगैंचा स्थापना गरी वातावरणीय शिक्षा र व्यावहारिक सिकाइलाई प्रवर्द्धन गरिएको छ।



२५ घरधुरीमा विद्युतीय चुलो प्रयोगमा आएसँगै दाउराको प्रयोग, धुवाँजन्य प्रदूषण तथा महिलाको कार्यबोझमा कमी आएको छ। साथै २५४ घरधुरीमा जैविक तथा अजैविक फोहोर व्यवस्थापनका लागि छुट्टाछुट्टै खाडल निर्माण र प्रयोग गरिएकाले समुदायस्तरमा सरसफाइ, वातावरण संरक्षण तथा जलवायुमैत्री व्यवहारको विकासमा उल्लेखनीय योगदान पुगेको छ।

**बहुपक्षीय सरोकारवालाहरूसंग समन्वय तथा साझेदारीका प्रमुख नतिजाहरू:**

- यसवर्ष स्थानीय सरकार र नागरिक समाजका ६५ जना प्रतिनिधिको सहभागितामा २ वटा पालिका स्तरीय बहुसरोकारवाला मञ्च (Multi-Stakeholder Forum) बैठक सम्पन्न गरियो।
- बैठक मार्फत सरोकारवालाहरूमा परियोजनाका उद्देश्य, गतिविधि तथा उपलब्धिबारे साझा बुझाइ विकास हुनुका साथै स्थानीय सरकार, नागरिक समाज र परियोजनाबीचको समन्वय तथा सहकार्य सुदृढ भएको छ।
- बहुसरोकारवाला मञ्चको समन्वयात्मक पहलबाट के.आई. सिंह गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) अडिट सञ्चालन गर्ने प्रक्रिया अघि बढाइएको थियो।
- शिखर नगरपालिका वडा नं. ८ मा बाख्रापालन प्रवर्द्धन तथा वडा नं. ११ मा हाते ट्र्याक्टर उपलब्ध गराउने पहल स्थानीय सरकार र परियोजनाको सहकार्यमा अघि बढाइएको थियो।
- स्थानीय सरकार र संस्थाबीचको प्रभावकारी समन्वयका कारण परियोजनाका गतिविधिहरू समयमै, प्रभावकारी तथा समुदायको आवश्यकता अनुरूप कार्यान्वयन हुन सहयोग पुगेको छ।

**वर्षको समग्र प्रभाव तथा दिगो विकास लक्ष्य (SDGs) मा योगदान:**

आर्थिक वर्ष २०८२/८३ मा इडीसी नेपालले मानव अधिकार, लैङ्गिक समानता, गुणस्तरीय शिक्षा, उत्थानशील जीविकोपार्जन, जलवायु न्याय तथा सुशासनका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमहरूले स्थानीय समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनुका साथै संयुक्त राष्ट्रसंघका दिगो विकास लक्ष्य (SDGs) प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

**SDG 1**: गरिबी अन्त्य **(No Poverty)**

- महिला उद्यमशीलता, घुम्तीकोष, बीउ पूँजी तथा आयमूलक कार्यक्रममार्फत लक्षित समुदायको आयआर्जन वृद्धि ।
- विपन्न तथा जोखिममा रहेका परिवारको आर्थिक सशक्तीकरण र सामाजिक सुरक्षामा पहुँच विस्तार ।

**SDG 2:** भोकमरी अन्त्य तथा खाद्य सुरक्षा **(Zero Hunger)**

- एक घर–एक करेसाबारी, अर्गानिक तरकारी उत्पादन तथा विद्यालय करेसाबारी कार्यक्रममार्फत खाद्य तथा पोषण सुरक्षामा सुधार ।
- दिगो कृषि प्रविधि तथा स्थानीय उत्पादन प्रवर्द्धन ।

**SDG 3**: राम्रो स्वास्थ्य र समृद्ध जीवन **(Good Health and Well-being)**

- सुरक्षित तथा मर्यादित महिनावारी व्यवस्थापन, सामाजिक सुरक्षा सेवा, पोषण तथा सुरक्षित खानेपानीमा पहुँच ।
- विद्युतीय चुलो, सरसफाइ तथा वातावरणीय स्वास्थ्य प्रवर्द्धन ।

**SDG 4:** गुणस्तरीय शिक्षा **(Quality Education)**

- विद्यालय पूर्वाधार विकास, बालमैत्री सिकाइ वातावरण, विद्यालय पुनःभर्ना तथा डिजिटल सुरक्षा शिक्षा ।
- विद्यालय सुशासन तथा सिकाइको गुणस्तर सुधार ।

**SDG 5:** लैङ्गिक समानता **(Gender Equality)**

- महिला नेतृत्व विकास, महिला अधिकार, लैङ्गिक हिंसा न्यूनीकरण तथा निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि।
- Unpaid Care Work सम्बन्धी सचेतना, छाउपडी प्रथा न्यूनीकरण तथा महिलाको आर्थिक सशक्तीकरण।

**SDG 6:** स्वच्छ पानी तथा सरसफाइ **(Clean Water and Sanitation)**

- विद्यालयमा सुरक्षित खानेपानी, बालमैत्री शौचालय तथा फोहोर व्यवस्थापन पूर्वाधार निर्माण।
- समुदायमा सरसफाइ तथा पानीका मुहान संरक्षण अभियान।

**SDG 8:** मर्यादित रोजगारी तथा आर्थिक वृद्धि **(Decent Work and Economic Growth)**

- श्रमिक अधिकार प्रवर्द्धन, ज्याला वृद्धि, महिला उद्यम विकास तथा स्थानीय रोजगारी सिर्जना।
- कृषि, बाख्रापालन, अल्लो उद्योग तथा साना उद्यममार्फत आर्थिक अवसर विस्तार।

**SDG 10:** असमानता न्यूनीकरण **(Reduced Inequalities)**

- दलित, महिला, बालबालिका तथा सीमान्तकृत समुदायको अधिकार, नागरिकता, सामाजिक सुरक्षा र सार्वजनिक सेवामा पहुँच विस्तार।
- जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि समुदायस्तरीय अभियान।

**SDG 11:** दिगो समुदाय तथा बस्ती **(Sustainable Cities and Communities)**

- समुदायस्तरीय विपद् पूर्वतयारी, सुरक्षित विद्यालय, वातावरण संरक्षण तथा स्थानीय स्रोतमा आधारित विकास अभ्यास।

**SDG 13:** जलवायु कार्य **(Climate Action)**

- जलवायु परिवर्तन अनुकूलन, वृक्षारोपण, जैविक खेती, फोहोर व्यवस्थापन, विद्युतीय चुलो तथा युवा नेतृत्वमा जलवायु अभियान।

- स्थानीय जलवायुमैत्री योजना तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि।

**SDG 16:** शान्ति, न्याय र सुदृढ संस्था **(Peace, Justice and Strong Institutions)**

- मानव अधिकार संरक्षण, नागरिकता प्राप्तिमा सहजीकरण, न्यायमा पहुँच, सामाजिक उत्तरदायित्व तथा संस्थागत सुशासन प्रवर्द्धन।
- स्थानीय सरकारसँग नीति संवाद, श्रमिक अधिकार तथा लैङ्गिक हिंसा सम्बन्धी नीतिगत सुधारमा योगदान।

**SDG 17**: लक्ष्य प्राप्तिका लागि साझेदारी **(Partnerships for the Goals)**

- स्थानीय सरकार, विद्यालय, नागरिक समाज, महिला समूह, युवा सञ्जाल तथा विकास साझेदारहरूसँगको प्रभावकारी सहकार्य।
- साझेदारी मार्फत स्रोत परिचालन, नीतिगत सुधार तथा दिगो विकासका पहलहरूको प्रवर्द्धन।

**आ.व. २०८२/८३ मा संचालित कार्यक्रमहरू मार्फत समुदायमा गरिएका सेवा प्रवाह (Services delivery) को अवस्था:**

| सर्भिसका प्रकारहरु | सर्भिस प्राप्त गर्ने संख्या | लाभिन्वत संख्या | | | हालको उपलब्धि |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | वालवालिका | |
| आकर्षक विद्यालय निर्माणको लागी सहयोग | २ वटा विद्यालय | ० | ० | ३३२ | सम्पन्न |
| विद्यालयमा ड्यास बोर्डको स्थापना | ३ वटा विद्यालय | ० | ० | १०४५ | सम्पन्न |
| समुहमा घम्तिकोषको स्थापना। | ३५ जना | ३५ जना | ० | ० | सम्पन्न |
| साना खाले व्यवसायको लागी संचालनको लागी सहयोग | १० जना | ९ | १ | ० | सम्पन्न |
| बगरखेतीमा टर्णेल र मोटर सहयोग | २० जना | २० जना | ० | ० | सम्पन्न |
| ५० जना वालवालिकाहरूलाइ शैक्षिक सामग्री सहयोग | ५० जना | ० | ० | ५० जना | सम्पन्न |
| वाख्रा वितरण शिखर ८ | ९१ घरधुरी | ५८ पाठापाठी, १० जना ब्यवसायिक | | | |
| इन्डक्शन चुलो वितरण | २५ घुरधुरी | धुवाँजन्य प्रदूषण कम, समय र खर्चमा कमी, तथा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणमा सकारात्मक योगदान। | | | |

**आ.व. २०८२/८३ मा स्थानिय तह लगायत विभिन्न निकायहरू संग गरिएका समन्वय र सहकार्य:**

| समन्वय र सहकार्य मार्फत सम्पन्न मुख्य कार्य | समन्वय र सहकार्य निकाय | के, कहाँ, कसरी, स्रोत परिचालन | कहिले |
|---|---|---|---|
| वालिका मैत्रि शौचालय र धारा निर्माण निर्माण | जोरायल गाउँपालिका, शिक्षा इकाइ, विद्यालय | वालिकाहरुलाई महिनाबारी भएको भेला आराम गर्न र छुट्टै शौचालय प्रयोगको लागी संस्थाको लगानी र जोरायल गाउँपालिकाको प्राविधिक सहयोगमा वालिकामैत्रि शौचालयय निर्माण कार्य सम्पन्न भएको छ । साथै वालवालिकालाई पानी खानको लागी सहजताको लागी खानेपानी सहयोग गरिएको छ । | २०२५ र २६ |
| बगर खेतीमा टर्नेल र मोटर सहयोग | जोरायल गाउँपालिका, कृषि शाखा, कृषक समुह | जोरायल गाउँपालिका वडा नं. ४ रहको बगर खेतीमा तर्भुजा उत्पादन र बेमोसमी तरकारी उत्पादनको लागी संस्थाको लगानी र जोरायल गाउँपालिकाको प्राविधिक सहयोगमा बगरखेतीमा टर्नेल र मोटर सहयोग गरिएको छ । | २०२६ |
| विभिन्न दिवश (महिला दिवश, १६ दिने अभियान, २१ मार्च, विश्व वातावरण दिवश) हरुमा सहकार्य | जोरायल गा.पा. केआइसिंह गा.पा., शिखर न.पा. , वडा तथा अन्य संस्थाहरू | जिल्लामा समान चासो राख्ने संघ संस्था र स्थानिय समुह संजालहरुको सहकार्यमा सम्पन्न गरिएको छ । | २०२५ र २६ |
| पालिकाको संस्थागत क्षामता विकास र जे सी अडीट | केआइसिंह गा.पा | पालिकाको सहकायर्मा लैंगिक समानता तथा सामाजिक समावेशीकरण लेखाजोखा । | २०२५ |
| क्याप सपोर्ट र सहकार्य | केआइसिंह गा.पा., शिखर न.पा. वडा पालिका | महिला मैत्री योजना अन्तरगत वजेटमा सहकार्य | २०२५ |

**यस अवधिमा देखिएका समग्र चुनौतीपूर्ण पक्षहरू )Key Challenges)**

१. सामाजिक तथा व्यवहारगत परिवर्तनको चुनौती

समुदायमा बालविवाह, जातीय विभेद, लैङ्गिक असमानता तथा अन्य हानिकारक सामाजिक मान्यताहरूमा सुधार भए पनि भागी विवाह, परम्परागत सोच र विभेदपूर्ण अभ्यासहरू पूर्ण रूपमा अन्त्य हुन नसक्दा सामाजिक रूपान्तरणको गति अपेक्षाअनुसार हुन नसक्नु।

२. बसाइँसराइ, जीविकोपार्जन तथा बजार पहुँचको चुनौती

रोजगारीका लागि महिला, पुरुषहरूको मौसमी बसाइँसराइ बढ्दै जाँदा समुदायमा विकास गरिएका नेतृत्व, सीप तथा महिला समूहहरूको निरन्तरतामा असर परेको छ। साथै, दुर्गम बस्तीहरू बजार केन्द्रबाट टाढा भएकाले उत्पादनको बजारीकरण, उद्यम विस्तार तथा दिगो जीविकोपार्जनको विकासमा चुनौती देखिन्छ ।

३. स्थानीय सरकारको संस्थागत क्षमता विकासको चुनौती

स्थानीय तहमा लैङ्गिक उत्तरदायी योजना तथा बजेट (GRPB), महिला अधिकार तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारी योजना, बजेट विनियोजन र कार्यान्वयन क्षमता अझै अपेक्षाकृत सुदृढ हुन बाँकी रहेको पाइन्छ।

४. भौगोलिक विकटता तथा पूर्वाधारको चुनौती

कार्य क्षेत्रको भौगोलिक विकटता, दुर्गम बस्ती, कमजोर सडक पहुँच तथा विद्युत् र सञ्चार सेवाको अनियमितताका कारण कार्यक्रम कार्यान्वयन, अनुगमन, समन्वय तथा समयमै प्रतिवेदन व्यवस्थापनमा चुनौती सामना गर्नुपरेको छ।

५. स्रोत परिचालन तथा दिगोपनको चुनौती

डोटी जिल्लामा विकास साझेदार तथा दातृ निकायहरूको सीमित उपस्थिति, कम लगानी र स्थानिय सरकारको कार्यक्रम पुर्वाधारमा मात्र सिमित भएकोले स्रोत परिचालन, सामाजिक रूपान्तरणका सफल अभ्यासहरूको विस्तार तथा कार्यक्रमको दीर्घकालीन दिगोपन सुनिश्चित गर्न चुनौती देखिन्छ।

**संस्थागत सिकाइ )Key Organizational Learnings)**

१. सामाजिक रूपान्तरणका लागि किशोर–किशोरीमा दीर्घकालीन लगानी आवश्यक

बालविवाह, लैङ्गिक विभेद तथा हानिकारक सामाजिक अभ्यासहरू न्यूनीकरण गर्न १३ देखि १९ वर्ष उमेर समूहका किशोर–किशोरीलाई लक्षित गरी निरन्तर जीवन सीप, लैङ्गिक समानता, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारसम्बन्धी सचेतना तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नु प्रभावकारी हुने देखिन्छ।

२. महिला आर्थिक सशक्तीकरणले हिंसा न्यूनीकरण र सामाजिक सशक्तीकरणमा योगदान पुऱ्याउँछ।

आयआर्जन तथा उद्यमशीलतामा संलग्न महिलाहरू निर्णय प्रक्रियामा बढी सक्रिय हुने, आत्मविश्वास बढ्ने र लैङ्गिक हिंसाप्रति प्रतिरोध गर्ने क्षमता विकास हुने भएकाले महिला उद्यमशीलता र स्वरोजगार प्रवर्द्धनलाई आगामी कार्यक्रमको प्रमुख रणनीतिका रूपमा निरन्तरता दिन आवश्यक छ।

३. दिगो परिवर्तनका लागि स्थानीय सरकारको क्षमता विकास अनिवार्य छ।

लैङ्गिक उत्तरदायी योजना तथा बजेट (GRPB), सामाजिक समावेशीकरण तथा अधिकारमा आधारित योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय सरकारको ज्ञान, सीप तथा संस्थागत क्षमता थप सुदृढ नगरी दीर्घकालीन नीतिगत परिवर्तन हासिल गर्न कठिन हुन सक्छ।

४. उद्यम विकासका लागि समग्र सहयोग आवश्यक हुन्छ।

महिला उद्यमको दिगोपन सुनिश्चित गर्न वित्तीय वा प्राविधिक सहयोग मात्र पर्याप्त हुँदैन। व्यवसाय दर्ता, कानुनी तथा प्रशासनिक सहजीकरण, बजार पहुँच, डिजिटल बजारीकरण, वित्तीय सेवा र सम्बन्धित सरकारी निकाय तथा निजी क्षेत्रसँगको समन्वयलाई एकीकृत रूपमा अघि बढाउँदा उद्यमहरू बढी सफल र दिगो हुने देखिन्छ।

५. साझेदारी, सिकाइ र प्रमाणमा आधारित योजना प्रभावकारी हुन्छ।

कार्यक्रम कार्यान्वयनका क्रममा प्राप्त सिकाइ, अनुभव, असल अभ्यास तथा समुदायबाट प्राप्त सुझावहरूलाई नियमित रूपमा समीक्षा गरी स्थानीय सरकार, समुदाय र अन्य सरोकारवालासँगको साझेदारीमा प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्दा कार्यक्रमको प्रभाव, स्वामित्व र दिगोपन उल्लेखनीय रूपमा वृद्धि हुन सक्छ।

EDC-Nepal

# EDC-Nepal Contribution to SDGs

## इडीसी-नेपालको दिगो विकास लक्ष्य (SDGs) मा योगदान

आ.व. २०८२/८३ मा इडीसी-नेपालले मानव अधिकार, लैङ्गिक समानता, गुणस्तरीय शिक्षा, उत्थानशील जीविकोपार्जन र जलवायु न्यायका क्षेत्रमा समुदायसागंको सहकार्यमा दिगो परिवर्तनको लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

### 1 गरिवी अन्त्य

**महिला उद्यमशीलता, स्वरोजगारी र आर्थिक आत्मनिर्भरता**

- महिला उद्यमशीलता प्रवर्द्धन
- स्वरोजगारीका अवसर विस्तार
- आयआर्जन वृद्धि
- आर्थिक आत्मनिर्भरता सुदृढीकरण

### 2 भोकमरी अन्त्य तथा खाद्य सुरक्षा

- एक घर-एक करेसावारी
- अर्गानिक तरकारी उत्पादन
- स्थानीय उत्पादन प्रवर्द्धन
- खाद्य तथा पोषण सुरक्षा

### 3 राम्रो स्वास्थ्य र समृद्ध जीवन

- सुरक्षित महिनावारी व्यवस्थापन
- पोषण र स्वास्थ्य सेवा पहुँच
- सुरक्षित खानेपानी र स्वच्छता
- विद्युतीय चुलो प्रवर्द्धन

### 4 गुणस्तरीय शिक्षा

- विद्यालय पूर्वाधार सुधार
- सुरक्षित र समावेशी सिकाइ परिवेश
- शैक्षिक सामग्री सहयोग
- विद्यालय पुनःभर्ना र सिकाइ गुणस्तर सुधार

### 5 लैङ्गिक समानता

- महिला नेतृत्व र निर्णय प्रक्रियामा सहभागिता
- लैङ्गिक हिंसा न्यूनीकरण
- Unpaid Care Work मा चेतना
- छाउगोठमुक्त र महिनावारी स्वास्थ्य प्रवर्द्धन

### 6 स्वच्छ पानी तथा सरसफाई

- सुरक्षित खानेपानी
- स्वच्छ र बालमैत्री शौचालय
- फोहोर व्यवस्थापन पूर्वाधार
- सरसफाइ र स्वास्थ्य प्रवर्द्धन

### 7 सस्तो तथा स्वच्छ ऊर्जा

- विद्युतीय चुलोको प्रयोग
- दाउरा खपत र धुवाँजन्य प्रदूषणमा कमी
- स्वच्छ ऊर्जा प्रयोग प्रवर्द्धन

### 8 मर्यादित रोजगारी तथा आर्थिक वृद्धि

- श्रमिक अधिकार प्रवर्द्धन र ज्याला वृद्धि
- महिला उद्यम र साना व्यवसाय विकास
- स्थानीय रोजगारी र आयआर्जनका अवसर वृद्धि

### 9 उद्योग, नवप्रवर्तन तथा पूर्वाधार

- अल्लो उद्योग सम्भाव्यता अध्ययन र स्थापना तयारी
- सीप विकास तालिम
- कृषि प्रविधि र नवप्रवर्तन प्रयोग

### 10 असमानता न्यूनीकरण

- दलित, महिला र सीमान्तकृत समुदायको अधिकारमा पहुँच
- जातीय विभेद र छुवाछुत न्यूनीकरण
- समान अवसर र सेवामा पहुँच विस्तार

### 11 दिगो समुदाय तथा वस्ती

- सुरक्षित विद्यालय र समुदाय
- विपद् पूर्वतयारी र जोखिम न्यूनीकरण
- सरसफाइ, फोहोर व्यवस्थापन र वातावरण संरक्षण

### 12 जिम्मेवार उपभोग तथा उत्पादन

- जैविक कृषि प्रवर्द्धन
- स्थानीय स्रोतको दिगो प्रयोग
- उत्पादनको बजारीकरण र अपव्यय न्यूनीकरण

### 13 जलवायु कार्य

- जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरण अभियान
- वृक्षारोपण, मुहान संरक्षण
- जलवायु मैत्री कृषि प्रवर्द्धन
- विपद् कोष र समुदाय तयारी

### 14 जलमुनि जीवन

- पानी स्रोत संरक्षण
- फोहोर व्यवस्थापन र सरसफाइ
- जल प्रदूषण न्यूनीकरण

### 15 स्थलमा जीवन

- वृक्षारोपण र हरित क्षेत्र विस्तार
- माटो संरक्षण र जैविक कृषि प्रवर्द्धन
- जैविक विविधता संरक्षण

### 16 शान्ति, न्याय र सुदृढ संस्था

- मानव अधिकार संरक्षण
- न्यायमा पहुँच र कानूनी सहजीकरण
- पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन

### 17 लक्ष्य प्राप्तिका लागि साझेदारी

- स्थानीय सरकार, समुदाय, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य
- स्रोत परिचालन र साझा अभियान

SUSTAINABLE DEVELOPMENT GOALS

### EDC-Nepal का प्रतिबद्धताहरु

- अधिकारमा पहुँच विस्तार र सामाजिक न्याय सुनिश्चित गर्ने
- महिला नेतृत्व र सशक्तिकरण प्रवर्द्धन गर्ने
- सुरक्षित र गुणस्तरीय शिक्षा र सिकाइ वातावरण सुदृढ गर्ने
- आर्थिक आत्मनिर्भरता र उद्यमशीलता अभिवर्तरण गर्ने
- जलवायु अनुकुलन र वातावरण संरक्षणमा योगदान गर्ने
- सहकार्य र साझेदारी मार्फत दिगो परिवर्तन हालिल गर्ने

**"समतामुलक समाजको निर्माण, हाम्रो अभियान"**

**सफलताका कथाहरूः**

# १० वर्ष पछि नागरिकता र सेवामा पहुँच

संगीता बी.क. – शिखर नगरपालिका, डोटी

संगीता बी.क. डोटीको शिखर नगरपालिका–८, बेलचौरकी दलित समुदायकी महिला हुन् । विवाह भएको करिब १० वर्षसम्म पनि उनी नागरिकता प्रमाणपत्र र विवाह दर्ताबाट वञ्चित थिइन् । उनका श्रीमान् अपाङ्गता भएका ब्यक्ति हुन र उनको परिवारमा दुई छोराहरू छन् । सीमित आयस्रोतका कारण उनले गाउँमा ज्याला– मजदुरी गेरर परिवारको जीविकोपार्जनमा सहयोग गर्दै आएकी छन् ।



संगिताका आमा छोरा

गरिबी, अशिक्षा तथा नागरिकता र व्यक्तिगत घटना दर्ताको महत्त्वबारे पर्याप्त जानकारीको अभावका कारण संगिताले विवाह दर्ता तथा नागरिकता प्राप्त गर्न सकेकी थिइनन् । नागरिकता नभएका कारण उनी राज्य तथा स्थानीय तहबाट प्राप्त हुने विभिन्न सेवा, सुविधा र अवसरको पहुँचबाट वञ्चित थिइन् । विवाह दर्ता नभएका कारण उनका छोराहरूको जन्मदर्ता तथा अन्य आवश्यक सेवामा पहुँच प्राप्त गर्नसमेत समस्या भइरहेको थियो ।

करिब तीन वर्षअघि इडीसी नेपालले उनको समुदायमा महिला समूह गठन गरेपछि संगिताको जीवनमा परिवर्तनको सुरुवात भयो । उनी छलफल चौतारी, सचेतना अभियान, तालिम तथा अन्तरक्रिया लगायतका गतिविधिमा सक्रिय रूपमा सहभागी हुन थालिन् ।

परियोजनामार्फत उनले महिला अधिकार, लैङ्गिक हिंसा, जलवायु परिवर्तन, व्यक्तिगत घटना दर्ता, नागरिकताको महत्त्व तथा नागरिकका अधिकार र कर्तव्य सम्बन्धी जानकारी प्राप्त गरिन् । यी गतिविधिबाट प्राप्त ज्ञान र आत्मविश्वासले संगितालाई आफ्नो अधिकारका लागि पहल गर्न प्रेरित गर्‍यो । उनले नागरिकता प्राप्त गर्न आवश्यक प्रक्रिया अघि बढाइन् र आवश्यक कागजात तथा प्रक्रियाबारे जानकारी लिएर सम्बन्धित निकायसँग समन्वय गरिन् ।

विवाह भएको १० वर्षपछि अन्ततः संगिताले नागरिकता प्रमाणपत्र प्राप्त गर्न सफल भइन् । यो उनको व्यक्तिगत जीवनका लागि मात्र नभई परिवारका लागि पनि महत्वपूर्ण उपलब्धि बन्यो ।

नागरिकता प्राप्त गरेपछि उनले आफ्ना छोराहरूका लागि आवश्यक कागजात तथा सेवामा पहुँच बढाउन सकिन् । उनले आफ्नो श्रीमानको अपाङ्गता परिचयपत्र बनाउन सफल भइन् र स्थानीय सरकारबाट प्रदान गरिने अपाङ्गता भत्ता समेत प्राप्त गर्न थालेकी छन् । साथै, उनको परिवारले विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट उपलब्ध सेवा तथा अवसरमा समेत सहज रूपमा पहुँच बढाउन थालेको छ ।

संगिताको कथा केवल नागरिकता प्राप्त गरेको कथा मात्र होइन, यो सूचना, सचेतना, सामूहिक सहभागिता र आत्मविश्वासले सीमान्तकृत महिलालाई आफ्नो अधिकार प्राप्त गर्न कसरी सक्षम बनाउँछ भन्ने उदाहरण पनि हो ।

समविकास केन्द्र मार्फत संचालित पहुँच परियोजना अन्तरगत महिला समूह र समुदायस्तरमा सञ्चालन गरिएका छलफल, तालिम तथा सचेतनामूलक गतिविधिले संगितालाई आफ्नो कानुनी पहिचान र अधिकारबारे बुझ्न, आवश्यक प्रक्रिया अघि बढाउन र स्थानीय सेवामा पहुँच स्थापित गर्न महत्वपूर्ण सहयोग पुऱ्यायो ।

उनि अन्तमा भन्छिन्, ***"महिला समूहमा सहभागी हुनुअघि मलाई नागरिकता र व्यक्तिगत घटना दर्ताको महत्त्वबारे थाहा थिएन । छलफल, तालिम र अन्तरक्रियाबाट मैले आफ्नो अधिकार र उपलब्ध सेवाबारे धेरै कुरा सिकेँ । यही ज्ञान र हौसलाले १० वर्षपछि नागरिकता प्राप्त गर्न सकेँ ।"***

**मुख्य परिवर्तनः**


- १० वर्षसम्म – विवाहपछि नागरिकता विहीन अवस्था
- ३ वर्ष – पहुँच परियोजना अन्तरगत महिला समूह तथा सचेतनामूलक गतिविधिमा सहभागिता
- १ नागरिकता प्रमाणपत्र – १० वर्षपछि प्राप्त
- १ अपाङ्गता परिचयपत्र – छोराका लागि प्राप्त
- सामाजिक सुरक्षा तथा अन्य सेवामा सुधारिएको पहुँच
- आफ्नो अधिकारका लागि पहल गर्ने आत्मविश्वासमा वृद्धि

समविकास केन्द्र (इसीडी) नेपालले संचालन गरेका कार्यक्रमहरूले सीमान्तकृत महिलालाई अधिकार, कानुनी पहिचान, व्यक्तिगत घटना दर्ता तथा सरकारी सेवाबारे जानकारी प्राप्त गर्ने, सामूहिक रूपमा आवाज उठाउने र स्थानीय सेवा प्रणालीसँग जोडिने अवसर प्रदान गरेको छ । संगिताको अनुभवले परियोजनाले महिला सशक्तीकरण, कानुनी पहिचान, सामाजिक सुरक्षा तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धिमा पुऱ्याएको योगदानलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ ।

**सफलताको कथा**

# निरन्तर प्रयासपछि पुनः विद्यालय फर्किइन् छायाँ

*“जस्तोसुकै कठिनाइ आए पनि अब पढाइ छोड्दिनँ, आफ्नै खुट्टामा उभिएर सपना पूरा गर्छु । ” छाँया राइ*



जोरायल गाउँपालिका–२, भट्टीखोलाकी १५ वर्षीया छायाँ राई अहिले श्री रामपुर माध्यमिक विद्यालयमा कक्षा ७ मा नियमित अध्ययनरत छिन् । तर केही महिनाअघि उनको अवस्था यस्तो थिएन । गरिबी, आमाको रोजगारीका लागि भारत प्रस्थान र घरमा बढेको जिम्मेवारीका कारण उनको पढाइ बीचमै रोकिएको थियो । छायाँ सानै हुँदा उनका बुबाको निधन भयो । त्यसपछि उनको सम्पूर्ण जिम्मेवारी आमाको काँधमा आयो । आमाले खेतीपाती तथा ज्यालामजदुरी गरेर छायाँको पढाइलाई निरन्तरता दिइरहेकी थिइन् । तर घरखर्च चलाउन समेत कठिन भएपछि रोजगारीका लागि आमा भारत गइन् । आमा भारत गएको करिब एक वर्ष बितिसक्दा पनि कुनै खबर र आर्थिक सहयोग नआएपछि वृद्ध बाजे, बजैको जिम्मामा रहेकी छायाँको अवस्था झनै कठिन बन्दै गयो ।

घरमा काम गर्ने अरू कोही नभएकाले छायाँको दिन विद्यालयमा होइन, घरायसी काममै बित्न थाल्यो । बिहान उठेदेखि पानी ल्याउने, घाँस, दाउरा गर्ने, खाना पकाउने, खेतबारीको काम गर्ने र बाजे, बजैको हेरचाह गर्ने जिम्मेवारी उनको काँधमा आयो । यही कारण उनी करिब पाँच महिनासम्म विद्यालय जान सकिनन् र कक्षा ७ को वार्षिक परीक्षासमेत दिन पाइनन् ।

छायाँका लागि यो केवल पढाइ छुट्नु थिएन; उनको सपना नै अधुरो बन्न थालेको थियो । *“मलाई सानैदेखि पढेर सरकारी जागिर खाने इच्छा थियो । तर घरको काम धेरै भएकाले बाजे, बजैले विद्यालय जान दिनुभएन । साथीहरू विद्यालय गएको देख्दा मलाई पनि विद्यालय जान मन लाग्थ्यो, तर घरको काम छुट्ने र गाली खाने डरले जान सकिनँ।” छायाँ राई ।*

बालक्लबबाट सुरु भयो परिवर्तनको प्रयासः

सम विकास केन्द्र नेपालले श्री रामपुर माध्यमिक विद्यालयमा गठन गरेको रामपुर प्रगतिशील बालक्लबको बैठकमा छायाँ लामो समयदेखि विद्यालय नआएको, वार्षिक परीक्षा दिन नसकेको र नयाँ शैक्षिक सत्रमा समेत भर्ना नभएको विषयमा छलफल भयो ।

बालक्लबका सदस्यहरू छायाँलाई विद्यालय फर्काउने उद्देश्यले उनको घर पुगे । उनीहरूले छायाँ र उनका बाजे, बजैलाई सम्झाउने प्रयास गरे । सुरुमा बाजे, बजै तयार भएनन् । “घरको काम कसले गर्छ?” भन्ने प्रश्न उनीहरूको मुख्य चिन्ता थियो ।

त्यसपछि बालक्लबका पदाधिकारी, शिक्षक र सम विकास केन्द्र नेपालका सामाजिक परिचालककहरूले निरन्तर संवाद र परामर्शलाई अगाडि बढाए। उनीहरूले छायाँको शिक्षा पाउने अधिकार, बालबालिकाप्रतिको समान



व्यवहार र शिक्षाले उनको भविष्यमा पार्न सक्ने सकारात्मक प्रभावबारे परिवारलाई बुझाए।

निरन्तरको प्रयासपछि बाजे, बजैले छायाँलाई विद्यालय पठाउन सहमति जनाए। तर उनीहरूले अर्को समस्या सुनाए, विद्यालय जान आवश्यक पोसाक, कापी, झोला लगायतका सामग्री किन्न आर्थिक समस्या छ भनेर।

सम विकास केन्द्र नेपालले आवश्यक शैक्षिक सामग्री सहयोग गर्ने प्रतिबद्धता जनाएपछि छायाँको विद्यालय फर्किने बाटो अझ सहज भयो।

धेरै महिनापछि फेरि विद्यालयको ढोकामाः

अर्को बिहान छायाँ विद्यालय जान तयार भइन्। लामो समयपछि विद्यालय फर्किन पाउँदा उनी खुसी थिइन्, तर मनमा एउटा प्रश्न थियो, "म विद्यालय कसरी जाने?"

बालक्लबका साथीहरू उनलाई लिन घरमै आइपुगे। उनीहरूसँगै छायाँ विद्यालय पुगिन्। विद्यालय पुगेपछि उनले आफूलाई एक्लो महसुस गर्नुपरेन। शिक्षक र साथीहरूले उनलाई पहिलेझैँ आत्मीयताका साथ स्वागत गरे। लामो समय विद्यालय बाहिर रहेकाले छुटेका पाठहरू बुझ्न शिक्षक र साथीहरूले उनलाई सहयोग गरे। यसले छायाँलाई पुनः पढाइमा घुलमिल हुन ठूलो हौसला दियो।

विद्यालयको सुरक्षित, सहयोगी र आत्मीय वातावरणले उनलाई नियमित विद्यालय आउन र पढाइलाई निरन्तरता दिन थप प्रेरित गर्‍यो।

आज छायाँ नियमित विद्यालय जान्छिन्। उनी पढाइमा फर्किएकी मात्र छैनन्, रामपुर प्रगतिशील बालक्लबकी सक्रिय सदस्य समेत बनेकी छन्।

अब छायाँ आफैं परिवर्तनको दूत बन्न चाहन्छिनः

छायाँको जीवनमा आएको यो परिवर्तन उनको व्यक्तिगत सफलतामात्र होइन, बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न समुदाय, विद्यालय, बालक्लब र सामाजिक संस्थाको सहकार्यले ल्याउन सक्ने परिवर्तनको उदाहरण पनि हो। छायाँ भन्छिन, "अब जस्तोसुकै अप्ठेरो आए पनि म पढाइ छोड्दिनँ। पढेर आफ्नै खुट्टामा उभिन्छु र आफ्नो सपना पूरा गर्छु। मेरो जस्तो समस्याका कारण विद्यालय जान नसकेका साथीहरूलाई पनि विद्यालयसम्म ल्याउन म निरन्तर प्रयास गर्नेछु।"

कहिल्यै विद्यालय जान नपाउने अवस्थामा पुगेकी छायाँ आज आफ्ना साथीहरूलाई विद्यालय फर्काउन प्रेरित गर्ने बालक्लब सदस्य बनेकी छन्। उनको यो यात्रा एउटा सन्देश हो—निरन्तर प्रयास, सही साथ र अवसर पाएमा कठिन परिस्थितिमा रहेका बालबालिकाले पनि आफ्नो सपना पूरा गर्ने बाटो आफैं बनाउन सक्छन्।

**सफलताको कथा**

# छाँयामा परेकी छाँया अब नेतृत्व गर्दै

छाँया बी.क. – जोरायल गाउँपालिका–४, डोटी

२८ वर्षीया छाँया बी.क. जोरायल गाउँपालिका–४ की दलित महिला हुन् । बाल्यकालमै विवाह, गरिबी, वैदेशिक श्रम र घरायसी जिम्मेवारीका कारण उनको नेतृत्व गर्ने सपना वर्षौंसम्म छायामा परेको थियो । तर आज उनी विद्यालय व्यवस्थापन समितिको निर्वाचित सदस्य हुनुका साथै समुदायमा बालविवाह र छाउपडीजस्ता सामाजिक कुरीतिविरुद्ध आवाज उठाउने सक्रिय महिला नेतृका रूपमा अघि बढिरहेकी छन् ।

छाँयाको विवाह १६ वर्षको उमेरमै बाबुको दबाबमा भयो । त्यतिबेला उनको समुदायमा छोरीलाई विद्यालय पठाउने प्रचलन निकै कम थियो । पढाइप्रति रुचि हुँदाहुँदै पनि बालविवाहका कारण उनको शिक्षाको यात्रा रोकियो । विवाहपछि श्रीमानको स्थायी आयस्रोत नभएकाले परिवारको जीविकोपार्जनका लागि उनी श्रीमानसंगै भारतमा काम गर्न गइन् । करिब ७ वर्ष भारतमा बिताउँदा उनका दुई छोराको जन्म भयो । बालबालिकाको पढाइ तथा नेपालमा रहेका सासु–ससुराको हेरचाहका लागि उनी परिवारसहित नेपाल आफनै गाउँमा फर्किइन् ।

आफनै गाउँमा फर्किएपछि उनको अधिकांश समय घरधन्दा, बालबालिकाको हेरचाह र परिवारको जिम्मेवारीमा बित्न थाल्यो । समुदायमा हुने छलफल र निर्णय प्रक्रियामा प्रायः पुरुषहरूको मात्र सहभागिता हुने भएकाले छाँया पनि घरको सीमाभित्रै सीमित हुनुपरेको थियो । गाउँ फर्किएको करिब चार वर्षसम्म उनी कुनै महिला समूहमा आबद्ध थिइनन् र समुदायस्तरका कार्यक्रमहरूमा समेत सहभागी भएकी थिइनन् ।

२०८२ साल श्रावण २३ गते समविकास केन्द्र नेपालले जोरायलको लक्ष्मीनगर धनरासमा महिला समूह गठन गर्ने जानकारी पाएपछि छाँया पनि समूह गठनमा सहभागी भइन् र सदस्य बनिन् । समूहका नियमित बैठकमा सहभागी हुँदै उनले महिला अधिकार, बालविवाह, छाउपडी, महिला हिंसा, अवैतनिक हेरचाह तथा घरेलु काम र नेतृत्व विकास जस्ता विषयमा छलफल र जानकारी प्राप्त गर्न थालिन् ।

समूहमा आफ्ना विचार खुलेर राख्न थालेपछि अन्य महिलाहरूले पनि उनको कुरा सुन्ने र सम्मान गर्ने वातावरण बन्यो । छोटो समयमै उनी समूहमा सक्रिय र प्रभावशाली सदस्यका रूपमा चिनिन थालिन् ।

***"समूहमा बसेर धेरै कुरा सिक्न पाएँ। पहिले मेरो कुरा कसैले सुन्दैनथ्यो जस्तो लाग्थ्यो। तर समूहमा सक्रिय हुँदै जाँदा महिलाहरूले मेरो कुरा सुन्न र मान्न थाले। मलाई आफ्नो समुदायमा चिनिन थालेको महसुस भयो।"***

पहिलो पटक समूहबाट नेतृत्व विकास सम्बन्धी तीन दिने तालिमका लागि दुई जना सदस्य छनोट गर्ने क्रममा छाँया पनि छनोट भइन् । यो उनको जीवनकै पहिलो औपचारिक तालिम थियो । सुरुमा अपरिचित मानिसहरूको बीचमा बोल्न उनलाई डर लागेको थियो ।

तर तालिमबाट उनले नेतृत्व भनेको के हो, कसरी नेतृत्व गर्ने र असल नेतामा कस्ता गुण हुनुपर्छ भन्ने कुरा सिकिन् । तालिमपछि उनको आत्मविश्वास बढ्यो र समुदायका विभिन्न संरचना तथा समूहमा नेतृत्व गर्नुपर्छ भन्ने सोच विकसित भयो ।

छाँयाका छोराहरू अध्ययन गर्ने श्री घण्टेश्वर माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति पुनर्गठनको प्रक्रिया सुरु भयो । विद्यालयमा अभिभावकहरूको ठूलो भीड देख्दा उनलाई फेरि डर लाग्यो । तर यसपटक उनले पछि हटिनन् । उनले विद्यालय व्यवस्थापन समितिको सदस्य पदका लागि आफ्नो नाम दर्ता गराइन् । धेरै अभिभावकहरूले समझदारीका लागि आफ्नो नाम फिर्ता लिन आग्रह गरे पनि उनले आफ्नो उम्मेदवारी फिर्ता

लिइनन् । सहमति हुन नसकेपछि भएको निर्वाचन प्रक्रियाबाट उनी डरलाई जित्दै विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा निर्वाचित भइन् ।

हालसम्म उनी समितिको तीन वटा नियमित बैठकमा सहभागी भइसकेकी छन् र विद्यालय सुधारका विषयमा आफ्ना विचार राख्दै आएकी छन् । उनले विद्यालय सुधारका लागि वडा तथा गाउँपालिकामा योजना तथा प्रस्ताव पेश गर्न समेत पहल गरिरहेकी छन् ।

विद्यालय व्यवस्थापन समितिमा नेतृत्व गर्ने अवसर पाएपछि छाँयाको आत्मविश्वास अझ बढेको छ । उनी अहिले विद्यालयमा मात्र सीमित छैनन् । समुदायमा बालविवाह र छाउपडी प्रथाविरुद्ध आवाज उठाउने तथा सचेतना अभियानमा सहभागी हुने कामलाई निरन्तरता दिइरहेकी छन् ।

उनको सपना अब स्पष्ट छ—आफ्नो समुदायका समस्या पहिचान गर्ने, समाधानका लागि आवाज उठाउने र सामाजिक परिवर्तनमा नेतृत्व गर्ने ।

*"पहिले मलाई धेरै मानिसको अगाडि बोल्न र नेतृत्व गर्न डर लाग्थ्यो। आज म विद्यालय व्यवस्थापन समितिको सदस्य बनेर आफ्ना कुरा राख्न सक्छु। अब मेरो सपना भनेको आफ्नो समुदायका समस्या समाधान गर्न निरन्तर नेतृत्व गर्नु हो। समाज परिवर्तनका लागि म निरन्तर लागिरहनेछु।"*

**परिवर्तन एक नजरमा**

१६ वर्ष ⟶बालविवाहका कारण नेतृत्वको सपना रोकियो

७ वर्ष ⟶भारतमा श्रम तथा पारिवारिक जीवन

२०८२ श्रावण २३ ⟶महिला समूहमा आबद्ध

३ दिने ⟶पहिलो नेतृत्व विकास तालिम

निर्वाचित सदस्य ⟶विद्यालय व्यवस्थापन समिति

३ बैठक ⟶सक्रिय सहभागिता र आफ्ना विचार प्रस्तुत

निरन्तर अभियान ⟶बालविवाह र छाउपडीविरुद्ध समुदायमा आवाज

सम विकास केन्द्र नेपालद्वारा सञ्चालित स्थानिय अधिकार कार्यक्रम अन्तरगत महिला समूह, नियमित छलफल तथा नेतृत्व विकास तालिमले छाँयालाई जानकारी, आत्मविश्वास, अभिव्यक्ति क्षमता र नेतृत्वको अवसर प्रदान गऱ्यो । यसले घरायसी जिम्मेवारीमा सीमित रहेकी एक महिलालाई विद्यालयको निर्णय प्रक्रियामा सहभागी हुने र समुदायका सामाजिक सवालमा आवाज उठाउने सक्रिय महिला नेतृका रूपमा अघि बढ्न सहयोग गरेको छ ।

अवसर र सही वातावरण पाएमा छाँयामा परेका महिलाहरू पनि आफ्नो समुदायको नेतृत्व गर्न सक्छन् भन्ने छाँया वि.क.को यात्राले सिकाउछ ।

**सफलताको कथा**

# समूहको पहलमा हिंसामुक्त भइन् धना

जोरायल गाउँपालिका–४, भजना, डोटी

२८ वर्षीया धना सार्कीले जीवनमा धेरै कठिनाइ भोगिन् । आर्थिक अभावका कारण १४ वर्षको कलिलो उमेरमै विवाह गरेकी धना र उनका श्रीमानले जातीय विभेदका कारण दुवै परिवारबाट स्वीकार्यता नपाएपछि लामो समय भारतमा बिताए। उनीहरूका दुई छोरी र एक छोरा भारतमै जन्मिए।

करिब १० वर्षपछि बालबालिकाको शिक्षाका लागि नेपाल आफनो गाउँ फर्किएपछि केही समय परिवार राम्रोसँग चले पनि श्रीमान् रक्सी सेवन गर्न थाले । उनी रक्सी सेवन गरी घरमा झगडा गर्ने, गालीगलौज गर्ने, कुटपिट गर्ने, काम गरेर पनि घरखर्च नदिने र कहिलेकाँही दुई–दुई दिनसम्म घर नफर्कने गर्न थाले। घरमा खाद्यान्नको अभाव हुन थाल्यो र बालबालिकाको पढाइसमेत प्रभावित भयो । धना आफैं अरूको खेतमा मजदुरी गरेर परिवार चलाउन बाध्य भइन्।

यसै क्रममा समविकास केन्द्र नेपालले भजनामा दलित, गरिब तथा सीमान्तकृत महिलाहरूलाई समेटेर महिला समूह गठन गऱ्यो । धना पहिलोपटक महिला समूहमा आबद्ध भइन्। सुरुमा उनलाई आफ्नो पीडा अरूलाई भन्न लाज र डर लाग्थ्यो । तर समूहका बैठकमा महिला अधिकार, हिंसा र सामूहिक सहयोग सम्बन्धी छलफल हुँदै गएपछि समूह नै सहाराको आधार बनेपछि उनको साहस बढ्दै गयो र अन्ततः उनले समूहको बैठकमा आफ्नो पीडा खुलेर राखिन्। धनाको कुरा सुनेपछि समूहका महिलाहरूले समस्या समाधानका लागि सामूहिक पहल गर्ने निर्णय गरे। भोलिपल्टै समूहका महिलाहरू धनाको घरमा पुगे र उनका श्रीमानसंग छलफल गरे। उनीहरूले गालीगलौज तथा कुटपिट दोहोरिएमा कानुनी प्रक्रियामा जाने स्पष्ट सन्देश दिए।

समूहको सामूहिक दबाब र सम्झाइ बुझाइपछि उनका श्रीमानले आफ्नो व्यवहार सुधार्ने प्रतिबद्धता जनाए । त्यसपछि उनले रक्सी सेवन छोडेका छन् र अहिले धना र उनका श्रीमान् मिलेर परिवार चलाइरहेका छन्।

***"पहिले मलाई आफ्नो समस्या कसैलाई भन्न पनि डर लाग्थ्यो । तर समूहमा महिलाहरूले मेरो कुरा सुने र मेरो साथमा उभिए । समूहका सबै दिदीबहिनी मेरो घरमा आएपछि मेरो श्रीमान्ले आफ्नो गल्ती स्वीकार गर्नुभयो । अहिले उहाँले रक्सी छोड्नुभएको छ र हामी मिलेर बसेका छौँ । यो सबै समूहको पहलबाट सम्भव भएको हो ।"***

परिवर्तन एक नजरमा

वर्षौंको हिंसा →समूहमा आफ्नो पीडा राख्ने साहस

एक्लोपन र डर →सामूहिक साथ र संरक्षण

रक्सीजन्य हिंसा →श्रीमान्ले रक्सी छोडे

असुरक्षित घरपरिवार →शान्तिपूर्ण पारिवारिक वातावरण

समविकास केन्द्र नेपालद्वारा संचालित स्थानिय अधिकार कार्यक्रम अन्तरगत महिला समूहले धनालाई आफ्नो समस्या पोख्ने सुरक्षित स्थान, अधिकार सम्बन्धी जानकारी र सामूहिक सहयोग प्रदान गऱ्यो। समूहको तत्काल र सामूहिक पहलले घरेलु हिंसा अन्त्य गर्न सकारात्मक परिवर्तन ल्यायो। यस कथाले हिंसा सहेर एक्लै बस्न बाध्य महिलाका लागि महिला समूह केवल छलफलको स्थान होइन; यो आवाज, साथ र परिवर्तनको शक्तिशाली माध्यम बन्न सक्छ।

सफलताको कथा

# श्रमिकबाट श्रमिक अभियन्ता बनिन् सरस्वती नेपाली

जोरायल गाउँपालिका–३, सेला, डोटी



२६ वर्षीया सरस्वती नेपालीको विवाह १७ वर्षको उमेरमै भयो। परिवारको कमजोर आर्थिक अवस्थाका कारण उनका श्रीमान् रोजगारीका लागि भारत जानुपरेको थियो। घरखर्च र छोराछोरीको पढाइ धान्न सरस्वतीले पनि दैनिक ज्यालादारी गर्न थालिन्।

उनी अरूको खेतमा दिनभरि काम गरेर दैनिक रु. २०० मात्र पाउँथिन्। पछि निर्माण क्षेत्रमा काम गर्दा पनि पुरुषले रु. ५०० र खाजा पाउने तर महिलाले रु. ४०० मात्र पाउने अवस्था थियो। समान काम गरे पनि महिला भएकै कारण कम ज्याला, कामको असुरक्षा र कार्यस्थलमा हुने दुर्व्यवहार सहनुपर्थ्यो। ठेकेदारसँग आफ्नो अधिकार माग्न उनलाई डर लाग्थ्यो—***"बोले भने कामबाट निकालिदिन्छन् कि?"***

समविकास केन्द्र नेपाल र एक्शनएडको सहयोगमा संचालित स्थानीय अधिकार कार्यक्रम अन्तर्गत जोरायल–३ मा श्रमिक महिला सञ्जाल गठन भएपछि सरस्वती पनि त्यसमा आबद्ध भइन्। सञ्जालका नियमित बैठकमा श्रमिक अधिकार, समान कामको समान ज्याला, कार्यस्थलमा हुने हिंसा, सुरक्षा तथा सरकारले तोकेको न्यूनतम ज्याला लगायतका विषयमा छलफल हुन थाल्यो। त्यही क्रममा उनले आफूले पाउँदै आएको ज्याला सरकारले तोकेको दरभन्दा निकै कम रहेको महसुश गरिन। श्रम सम्बन्धि विभिन्न तालिम लगायत नेतृत्व विकास सम्बन्धी तालिमहरूले उनको आत्मविश्वास अझ बढायो।

***"पहिले आफ्नो ज्याला माग्न पनि डर लाग्थ्यो। तालिम र समूहका छलफलबाट मलाई आफ्नो अधिकारका लागि बोल्नुपर्छ भन्ने साहस आयो।"***

सरस्वतीले आफ्नो मात्र होइन, जोरायलका श्रमिक महिलाहरूको समान ज्यालाको सवाल उठाउन अभियान सुरु गरिन्। टोलदेखि वडा हुँदै पालिका र ठेकेदारसँग निरन्तर छलफल भयो। श्रमिक महिलाहरूले सरकारले तोकेको ज्याला नपाएसम्म काममा नजाने सामूहिक निर्णय गरे।

उचित ज्याला नपाएपछि श्रमिक महिलाहरूले दुई दिनसम्म काम रोकि दिएपछि ठेकेदारहरू दैनिक रु. ७०० ज्याला दिन सहमत भए। यसबाट महिलाको ज्याला मात्र नभएर, पुरुष श्रमिकहरूले पनि रु. ७०० पाउन थाले।

सरस्वतीको नेतृत्वमा श्रमिकहरूले श्रमिक दिवसका अवसरमा जोरायल गाउँपालिकामा ७ बुँदे माग पत्रसहित धर्ना समेत दिए। मागपत्रमा समान ज्याला, ज्याला ठगी अन्त्य, कार्यस्थलमा सुरक्षा, श्रमिक बीमा, श्रमिक पञ्जीकरण, खानेपानी तथा खाजा र महिला श्रमिकका लागि स्तनपान कक्षजस्ता विषय समेटिएको थियो। श्रमिकहरको यो अभियानले व्यक्तिगत परिवर्तनबाट नीतिगत प्रभाव पार्नसम्म सफल भएको छ।

श्रमिकहरूको निरन्तर पैरवीपछि जोरायल गाउँपालिकाले निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्योग–व्यवसाय तथा रोजगारदातालाई समान ज्याला, श्रमिक सुरक्षा, बीमा, सम्मान तथा ज्याला ठगी नियन्त्रण प्रभावकारी रूपमा कार्यान्वयन गर्न ७ बुँदे सार्वजनिक प्रतिबद्धता जारी गऱ्यो ।

आज जोरायल–३ का महिला श्रमिकहरूले सरकारले तोकेको ज्याला पाउन थालेका छन् र कार्यस्थलमा आफूलाई सुरक्षित तथा सम्मानित महसुस गर्न थालेका छन् ।

सरस्वती अब केवल ज्याला मजदुरी गर्ने श्रमिक मात्र होइनन—उनी श्रमिक अभियन्ता र समुदायकी आवाज बन्न सफल भएकी छिन ।

*“पहिले म आफ्नो ज्याला माग्न डराउँथे । अहिले म श्रमिक महिलाहरूको अधिकारका लागि वडा, पालिका र रोजगारदातासँग कुरा गर्न सक्छु । अझै पनि श्रमिकहरूको अधिकारका लागि निरन्तर आवाज उठाउने मेरो योजना छ ।”*

परिवर्तन एक नजरमा

रु. २००, ४०० ज्याला →रु. ७०० समान ज्याला

अधिकारबारे अनभिज्ञ →श्रमिक अभियन्ता

व्यक्तिगत डर →सामूहिक आवाज र नेतृत्व

कार्यस्थलमा असमानता →समान ज्याला र सुरक्षाको पहल

स्थानीय अभियान →पालिकाको ७ बुँदे प्रतिबद्धता, कार्यान्वयन र समान ज्याला कायम

सरस्वतीको कथा देखाउँछ—अधिकारको ज्ञान र सामूहिक संगठनले एक साधारण श्रमिक महिलालाई आफ्नै मात्र होइन, सयौं श्रमिकको अधिकारका लागि आवाज उठाउने अभियन्तामा रूपान्तरण गर्न सक्छ ।

## सफलताको कथा

# शिक्षक–अभिभावक संघकी पहिलो महिला सदस्य बनिन् सुनिता बोहरा

जोरायल गाउँपालिका–४, नक्कु, डोटी

२८ वर्षीया सुनिता बोहरा जोरायल गाउँपालिका–४, नक्कुकी बासिन्दा हुन् । उनको परिवारमा श्रीमान्, दुई छोराछोरी र सासु–ससुरा गरी ६ जना छन् ।

नक्कु भौगोलिक रूपमा वडा तथा गाउँपालिकाको केन्द्रबाट टाढा रहेको समुदाय हो । लामो समयदेखि यहाँ "महिलाको काम घरभित्रै सीमित हुनुपर्छ" भन्ने सामाजिक सोच र परम्पराका कारण महिलाहरू समुदायका बैठक, छलफल तथा निर्णय प्रक्रियाबाट टाढा थिए । सुनितालाई समेत वडा कार्यालय वा गाउँपालिकाबारे पर्याप्त जानकारी थिएन र घरबाहिर हुने कुनै कार्यक्रममा सहभागी हुने अवसर थिएन ।

समविकास केन्द्र नेपालको स्थानीय अधिकार कार्यक्रम अन्तर्गत २०८२ साल भदौ महिनामा नक्कुमा महिला समूह गठन गर्ने प्रयास भयो । पहिलो दिन महिलाको सहभागिता न्यून भएकाले समूह गठन हुन सकेन । दोस्रो दिन सुनिता लगायत अन्य महिलाहरू सहभागी भएपछि समूह गठन भयो र सुनिता महिला समूहको अध्यक्ष चुनिइन् ।

समूहका नियमित बैठकमा महिला अधिकार, सहभागिता र नेतृत्वका विषयमा छलफल हुन थाल्यो । केही समयपछि सुनिताले महिला समूहका पदाधिकारीका लागि आयोजित तीन दिने नेतृत्व विकास तालिममा सहभागी हुने अवसर पाइन् ।

तालिममा उनले महिला अधिकार, नेतृत्व कसरी गर्ने र निर्णय प्रक्रियामा महिलाको सहभागिता किन आवश्यक छ भन्नेबारे सिकिन् । अन्य समुदायका महिलाहरू विभिन्न समिति तथा संरचनामा नेतृत्व गरिरहेको अनुभव सुन्दा उनलाई आफ्नो समुदाय अझै पछाडि परेको महसुस भयो । तर त्यही अनुभूतिले उनलाई अझ अगाडि बढ्ने प्रेरणा दियो । "अब हामी पनि नेतृत्व गर्नुपर्छ" ।

तालिमबाट फर्किएपछि सुनिताले सिकेका कुरा महिला समूहका अन्य सदस्यसँग साझा गरिन् । उनले महिलाहरूले घरभित्र मात्र सीमित नभई विद्यालय, समुदाय र स्थानीय संरचनामा पनि सहभागिता जनाउनुपर्छ भन्ने कुरा उठाइन् । त्यसै क्रममा नक्कु स्थित श्री जगदम्बा आधारभूत विद्यालयमा शिक्षक–अभिभावक संघ गठन हुने जानकारी आयो । समुदायका महिलाहरू पहिलो पटक विद्यालयको बैठकमा सामूहिक रूपमा सहभागी भए ।

समिति गठनका क्रममा सुनिताले सदस्य पदमा आफ्नो दाबी प्रस्तुत गरिन् । अन्ततः उनी नक्कु समुदायबाट शिक्षक–अभिभावक संघको सदस्य बन्ने पहिलो महिला बनिन् ।

शिक्षक–अभिभावक संघको पहिलो बैठकमा सहभागी हुँदै सुनिताले विद्यालयको शैक्षिक सुधारका विषयमा आफ्ना विचार राखिन् । यो अनुभवले उनको आत्मविश्वास अझ बढाएको छ ।

उनि अन्तमा भन्छिन, *"पहिले हामी महिलाहरू घरबाट बाहिर निस्कनसमेत डराउँथ्यौँ । मलाई वडा र गाउँपालिका के हो भन्ने पनि थाहा थिएन । महिला समूहमा बसेर नेतृत्व विकास तालिम लिएपछि मैले महिलाहरू पनि विभिन्न समिति र संरचनामा नेतृत्व गर्न सक्छन् भन्ने सिके । आज म शिक्षक–अभिभावक संघकी सदस्य बनेकी छु । अब म आफ्नो समुदायका अन्य महिलाहरूलाई पनि विभिन्न समूह र समितिमा सहभागी गराउन निरन्तर प्रयास गर्नेछु ।"*

परिवर्तन एक नजरमा
घरभित्र सीमित महिला ⟶महिला समूहकी अध्यक्ष
स्थानीय संरचनाबारे अनभिज्ञ ⟶अधिकार र नेतृत्वबारे सचेत
बैठकमा सहभागी नहुने ⟶शिक्षक–अभिभावक संघकी सदस्य
आफ्नो कुरा राख्न डराउने ⟶विद्यालय सुधारमा आवाज उठाउने
पहिलो महिला सहभागिता ⟶अन्य महिलाका लागि प्रेरणाको स्रोत

महिला समूह, नियमित छलफल र नेतृत्व विकास तालिममार्फत सम विकास केन्द्र नेपालको स्थानीय अधिकार कार्यक्रमले सुनितालाई जानकारी, आत्मविश्वास र नेतृत्वको अवसर प्रदान गऱ्यो । उनको सहभागिताले नक्कु जस्तो सामाजिक रूपमा पछाडि परेको समुदायमा महिलाको सार्वजनिक सहभागिताका लागि नयाँ बाटो खोलिदिएको छ।

सुनिताको यात्राले बाट, जब महिलाले घरको चौघेरा पार गरेर अवसर पाउँछन्, उनीहरू केवल सहभागी मात्र होइन, निर्णय प्रक्रियाको नेतृत्वकर्ता पनि बन्न सकिन्छ भन्ने सिकाउछ ।

## सफलताको कथा

# सचेतना समूह र बाख्रापालनले उज्यालिएको सुन्तलीको भविष्य

के.आई. सिंह गाउँपालिका–१

“सही अवसर पाएपछि जीवन फेरिन सक्छ भन्ने कुरा मैले आफ्नै जीवनबाट अनुभव गरेकी छु । ” सुन्तली लोहार ।



के.आई. सिंह गाउँपालिका–१, डोटीकी सुन्तली लोहार एकल महिला हुन् । पाँच वर्षअघि श्रीमान्को निधन भएपछि उहाँको जीवनमा ठूलो संकट आयो । परिवारका छ जना सदस्यको जिम्मेवारी अचानक उहाँकै काँधमा आइपुग्यो । छोराछोरीको पढाइदेखि दैनिक घरखर्चसम्मका आवश्यकता पूरा गर्न उहाँलाई निकै कठिन भयो । आर्थिक अभावका कारण छोराछोरीका लागि किताब–कापी जुटाउनसमेत समस्या हुने गरेको थियो । निरन्तरको आर्थिक तनावले उहाँलाई मानसिक तथा भावनात्मक रूपमा समेत कमजोर बनाएको थियो ।

यही कठिन परिस्थितिका बीच सुन्तली EDC नेपालले DCA को सहयोगमा सञ्चालन गरेको पहुँच परियोजनाअन्तर्गत गठन गरिएको सचेतना महिला समूहमा आबद्ध हुनुभयो । समूहमा आबद्ध भएपछि उहाँले विभिन्न सचेतना, क्षमता विकास तथा जीविकोपार्जनसम्बन्धी गतिविधिमा सहभागी हुने अवसर पाउनुभयो । परियोजनाबाट उहाँलाई जीविकोपार्जनका लागि चार वटा बाख्रा सहयोग प्राप्त भयो ।

ती चार वटा बाख्रा सुन्तलीका लागि केवल पशु थिएनन्, ती उहाँको जीवनमा नयाँ आशा र आत्मनिर्भरताको सुरुवात बने ।

सुन्तलीले मेहनत र लगनशीलताका साथ बाख्रापालन सुरु गर्नुभयो । बाख्रा हुर्काउँदै उहाँले बोका तथा मासुका लागि बाख्रा बिक्री गर्न थाल्नुभयो । बाख्रापालनबाट प्राप्त आम्दानीले उहाँलाई परिवारको दैनिक आवश्यकता पूरा गर्न तथा छोराछोरीको शिक्षामा खर्च गर्न सहज हुँदै गयो ।

आर्थिक कठिनाइका कारण यसअघि उहाँले आफ्नो जेठो छोरालाई रोजगारीका लागि भारत पठाउनुभएको थियो । तर बाख्रापालनबाट नियमित आम्दानी हुन थालेपछि उहाँले छोरालाई भारतबाट घर फर्काउन सफल हुनुभयो । अहिले उहाँका जेठा छोरा कक्षा १२ मा अध्ययनरत छन् । अर्को छोरालाई थप अध्ययनका लागि धनगढी पठाउनुभएको छ भने छोरी स्थानीय विद्यालयमा अध्ययन गरिरहेकी छन् ।

बाख्रापालनले सुन्तलीको आम्दानीको स्रोत मात्र बढाएन, उहाँमा आत्मविश्वास र भविष्यप्रतिको आशा पनि बढायो । उहाँ अहिले घरखर्च व्यवस्थापन गर्न, छोराछोरीको शिक्षा निरन्तरता दिन र केही रकम बचत गर्नसमेत सक्षम हुनुभएको छ ।

उहाँ भन्नुहुन्छ, “पहिले छोराछोरीको पढाइ र घरखर्च कसरी चलाउने भन्ने चिन्ताले सधैँ सताउँथ्यो। अहिले आफ्नै आम्दानीको स्रोत छ। छोराछोरीलाई पढाउन सकेकी छु र भविष्यप्रति पनि आशावादी बनेकी छु ।”

सुन्तलीको जीवनमा आएको यो परिवर्तन केवल आर्थिक सुधारमा सीमित छैन। सचेतना समूहमा आबद्धता र परियोजनाबाट प्राप्त अवसरले उहाँलाई आत्मनिर्भर बन्ने बाटो देखाएको छ र कठिन परिस्थितिमा पनि अघि बढ्न सक्ने आत्मविश्वास दिएको छ।

आज सुन्तली आफ्नो परिवारको जिम्मेवारी आत्मविश्वासका साथ सम्हाल्दै हुनुहुन्छ। उहाँको यात्रा एउटा प्रेरणादायी उदाहरण बनेको छ—अवसर, सीप, सहयोग र दृढ इच्छाशक्ति पाएमा कठिन परिस्थितिमा रहेका महिलाले पनि आफ्नो जीवन र परिवारको भविष्य परिवर्तन गर्न सक्छन्।

सुन्तलीको यो कथाबाट "सानो अवसरबाट सुरु भएको परिवर्तनले जीवनमा ठूलो उज्यालो ल्याउन सक्छ भन्ने सिकाइ प्राप्त गर्रन सकिन्छ।"

## सफलताको कथा

# ज्यालादारी मजदुरदेखि आत्मनिर्भर उद्यमी र सामाजिक अगुवासम्मः इन्द्राको परिवर्तनको यात्रा

शिखर नगरपालिका–८,

"अवसर र सही सहयोग पाएपछि महिलाले आफ्नो जीवन मात्र होइन, परिवार र समुदायको सोचसमेत परिवर्तन गर्न सक्छन्।" — इन्द्रा दमाई

शिखर नगरपालिका–८, तिल्ताली, डोटीकी इन्द्रा दमाई आठ सदस्यीय परिवारकी सदस्य तथा काफली महिला समूहकी कोषाध्यक्ष हुनुहुन्छ । केही वर्षअघिसम्म उहाँका लागि परिवारको दैनिक आवश्यकता पूरा गर्नु नै ठूलो चुनौती थियो । बालबालिकाको पालनपोषण र घरखर्च धान्न उहाँ दैनिक ज्याला, मजदुरी गर्नुहुन्थ्यो । श्रीमानको नियमित रोजगारी नहुनु र मदिरा सेवनको बानीका कारण परिवारको आर्थिक जिम्मेवारी प्रायः उहाँकै काँधमा थियो ।

तर आज इन्द्राको जीवन पहिलेको जस्तो छैन । उहाँको जीवनमा आएको परिवर्तनको सुरुवात समविकास केन्द्र इडीसी नेपाल अन्तर्गत सञ्चालित पहुँच परियोजना मार्फत प्राप्त अवसरबाट भएको हो ।

करिब दुई वर्षअघि परियोजनाले उहाँलाई सिलाइ, कटाइ तालिम र सिलाइ मेसिन सहयोग उपलब्ध गरायो । त्यससँगै उहाँले व्यवसाय विकास सम्बन्धी तालिम प्राप्त गर्नुभयो । सीप र साधन पाएपछि इन्द्राले अरूको ज्यालामा निर्भर हुनुभन्दा आफ्नै व्यवसाय सुरु गर्ने निर्णय गर्नुभयो र सिलाइ, कटाइ व्यवसाय सञ्चालन गर्न थाल्नुभयो ।

सुरुमा सानो स्तरबाट थालिएको व्यवसाय विस्तारै बढदै गयो । इन्द्राको मेहनत, लगनशीलता र आत्मविश्वासले व्यवसायलाई क्रमशः आम्दानीको भरपर्दो स्रोतका रूपमा विकास गऱ्यो । हाल उहाँले मासिक करिब रु. ३०,००० आम्दानी गर्दै आउनुभएको छ ।

इन्द्राको सफलताले उहाँको आर्थिक अवस्था मात्र बदलेन, परिवारको वातावरणमा समेत सकारात्मक परिवर्तन ल्यायो । उहाँको व्यवसायमा आएको प्रगति र सफलताबाट प्रभावित भएर उहाँका श्रीमान्ले समेत मदिरा सेवन गर्न छोड्नुभयो र अहिले उहाँसँगै सिलाइ–कटाइ व्यवसायमा सहयोग गर्न थाल्नुभएको छ । यसले परिवारमा सहकार्य, समझदारी र सकारात्मक सम्बन्ध विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

आज इन्द्रा आफ्ना बालबालिकाको शिक्षा तथा परिवारका आवश्यकताहरू सहज रूपमा पूरा गर्न सक्षम हुनुहुन्छ । उहाँले आफ्नो आम्दानीबाट तराई क्षेत्रमा जग्गासमेत खरिद गर्नुभएको छ, जुन उहाँको आर्थिक आत्मनिर्भरता र भविष्यप्रतिको योजनाबद्ध सोचको महत्वपूर्ण उदाहरण हो ।

आर्थिक रूपमा आत्मनिर्भर बन्दै गएसँगै इन्द्राको सामाजिक भूमिका र नेतृत्व क्षमता पनि विस्तार हुँदै गएको छ । पहुँच परियोजना अन्तर्गत सञ्चालित नेतृत्व विकास, सशक्तीकरण तथा क्षमता अभिवृद्धिका गतिविधिमा सक्रिय सहभागिताले उहाँमा आफ्ना अधिकारका विषयमा बोल्ने र सार्वजनिक सरोकारका विषयमा नेतृत्व गर्ने आत्मविश्वास बढाएको छ ।

हाल उहाँ स्थानीय तहका योजना तर्जुमा बैठक, सार्वजनिक सुनुवाइ तथा विभिन्न सामाजिक गतिविधिमा सक्रिय रूपमा सहभागी हुनुहुन्छ । उहाँ लैङ्गिक हिंसा, जातीय विभेद तथा जलवायु परिवर्तन जस्ता सामाजिक सवालमा समेत आवाज उठाउँदै आउनुभएको छ । यसरी व्यक्तिगत आर्थिक सशक्तीकरणसँगै उहाँको भूमिका परिवारबाट समुदाय हुँदै स्थानीय तहसम्म विस्तार हुँदै गएको छ ।

इन्द्रा भन्नुहुन्छ, “इडीसी नेपाल र पहुँच परियोजनाले मलाई सीप र अवसर मात्र दिएन, आफ्नो खुट्टामा उभिन सक्ने आत्मविश्वास पनि दियो। पहिले परिवार कसरी चलाउने भन्ने चिन्ता हुन्थ्यो, अहिले आफ्नै व्यवसाय छ, आम्दानी छ र समाजका विषयमा बोल्ने हिम्मत पनि आएको छ।”

इन्द्राको परिवर्तन यतिमै सीमित छैन। आर्थिक आत्मनिर्भरता, सामाजिक नेतृत्व र बढ्दो आत्मविश्वाससँगै उहाँ अब आगामी स्थानीय तहको निर्वाचनमा दलित महिला प्रतिनिधिका रूपमा उम्मेदवारी दिने लक्ष्य बोकेर अघि बढिरहनुभएको छ।

इन्द्राको यात्रा एउटा महिलाको व्यक्तिगत सफलताको कथा मात्र होइन; यो सीप, अवसर, सशक्तीकरण र निरन्तर प्रयासले सीमान्तकृत महिलाको जीवनमा ल्याउन सक्ने व्यापक परिवर्तनको उदाहरण हो। ज्यालादारी मजदुरको जीवनबाट सुरु भएको उहाँको यात्रा आज आत्मनिर्भर उद्यमी, सचेत सामाजिक अगुवा र सम्भावित राजनीतिक प्रतिनिधित्वको दिशातर्फ अघि बढिरहेको छ।

अन्तमा इन्द्रा भन्छिन— “जब महिलालाई अवसर, सीप र विश्वास दिइन्छ, उनीहरू आफ्नो जीवन परिवर्तन गर्ने मात्र होइन, परिवार, समुदाय र समाज परिवर्तन गर्ने नेतृत्वकर्ता पनि बन्न सक्छन्।”


#FairWageNow


लिंगका आधारमा
ज्यालामा विभेद गर्न
पाइदैन




मर्यादित श्रम सुनिश्चित गर।
#LaborWithDignity






Safety and Health of Workers
श्रमिकको सुरक्षा र स्वास्थ्य
१३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा
र्‍याली तथा अन्तरक्रिया कार्यक्रम
(1 May 2026)
actionaid


Safety and Health of Workers
१३७ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा




























जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

**सार्वजनिक सूचना !**

(सूचना नं. ८६/२०८२-०८३, मिति: २०८३/०२/२१)

यस जोरायल गाउँपालिकाको क्षेत्रमा सञ्चालन भइरहेका निर्माण कार्य, विकास आयोजना तथा अन्य कार्यस्थलहरूमा श्रमिकहरूको हक अधिकारसँग सम्बन्धित केही गम्भीर गुनासोहरू प्राप्त भएका छन्। प्राप्त गुनासोअनुसार केही रोजगारदाता तथा निर्माण व्यवसायीहरूले नेपाल सरकारले तोकेको न्यूनतम् ज्याला नदिने, महिला तथा दलित श्रमिकहरूमाथि लैङ्गिक तथा जातीय विभेद गर्ने, दैनिक ८ घण्टाभन्दा बढी काम गराउँदा पनि अतिरिक्त पारिश्रमिक नदिने, कार्यस्थलमा आवश्यक सुरक्षा सामग्री उपलब्ध नगराउने तथा श्रमिकहरूलाई दुर्घटना बीमामा समावेश नगर्ने जस्ता गुनासाहरु गाउँपालिकामा प्राप्त हुन आएकोले यस्ता विषयप्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको संविधानले प्रत्येक श्रमिकलाई सम्मानपूर्वक काम गर्ने, समान अवसर प्राप्त गर्ने, सुरक्षित कार्य वातावरणमा श्रम गर्न पाउने तथा आफ्नो श्रमको उचित पारिश्रमिक प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। संविधानको समानताको हक, शोषणविरुद्धको हक र श्रमसम्बन्धी हकका साथै श्रम ऐन, २०७४ ले श्रमिकमाथि कुनै पनि प्रकारको भेदभाव गर्न नपाइने, न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने, सुरक्षित कार्यस्थलको व्यवस्था गर्नुपर्ने तथा श्रमिकको स्वास्थ्य, सुरक्षा र सामाजिक सुरक्षाको संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। यी अधिकारहरूको सम्मान र कार्यान्वयन गर्नु प्रत्येक रोजगारदाता तथा सरोकारवाला निकायको कानुनी दायित्व हो।

तसर्थ, जोरायल गाउँपालिका सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्योग व्यवसायी, सेवा प्रदायक संस्था तथा रोजगारदाताहरूलाई देहायका विषयहरु अनिवार्य रूपमा कार्यान्वयन गर्न आग्रह गर्दछ।

देहायः
(१) नेपाल सरकारले तोकेको न्यूनतम ज्याला तथा पारिश्रमिक अनिवार्य रूपमा उपलब्ध गराउने,
(२) श्रमिकहरूबीच जातजाति, लिङ्ग, धर्म, भाषा, क्षेत्र वा अन्य कुनै आधारमा हुने सबै प्रकारका विभेद अन्त्य गरी समान अवसर र समान व्यवहार सुनिश्चित गर्ने,
(३) श्रमिकलाई दैनिक ८ घण्टाभन्दा बढी समय काममा लगाइएमा प्रचलित कानून बमोजिम अतिरिक्त समय को पारिश्रमिक (ओभरटाइम) ,भुक्तानी गर्ने
(४) श्रमिकलाई काममा लगाउँदा हुन सक्ने सम्भावित दुर्घटना तथा जोखिमलाई मध्यनजर गर्दै कार्यस्थलमा आधारित सुरक्षा सामग्रीको अनिवार्य व्यवस्था गर्ने,
(५) कार्यरत श्रमिकहरूको सावधिक दुर्घटना बीमा तथा अन्य आवश्यक सुरक्षा व्यवस्थाको सुनिश्चितता गर्ने,
(६) जोरायल गाउँपालिकामा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकतामा राखी निर्माण तथा अन्य विकास कार्यहरूमा रोजगारीको अवसर उपलब्ध गराउने,
(७) स्थानीय श्रम, सीप र स्रोतको अधिकतम उपयोग गर्दै समावेशी, सुरक्षित तथा श्रमिकमैत्री कार्यसंस्कृतिको विकासमा सहयोग पुऱ्याउने,

जोरायल गाउँपालिका श्रमिकहरूको संवैधानिक तथा कानुनी हक अधिकारको संरक्षणप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको व्यहोरा जानकारी गराउँदै प्रचलित कानूनको उल्लङ्घन भएको पाइएमा अनुगमन, छानबिन तथा कानून बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइने समेत जानकारी गराइन्छ।
स्थानीय विकास, सामाजिक न्याय, श्रमिक अधिकारको संरक्षण तथा सुरक्षित कार्यस्थल निर्माणका लागि सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, रोजगारदाता, नागरिक समाज तथा सरोकारवालाहरूबाट पूर्ण सहयोग र सहकार्यको अपेक्षा गर्दछौं।

Email: jorayalrimp@gmail.com Phone: 9858427654 Website: jorayalmun.gov.np


















Dear Luiz,
Greetings from Nepal!

I am glad to write this message on behalf of Prasant. He and his family members are well here, and they hope the same for you.

In this child message, Prasant wants to share with you about "The use of water in daily life." He says, "In my family, my mother usually fills the water for my home. At home, we store water in buckets. Other than drinking, we use water for many purposes such as bathing, cooking, watering the vegetable garden and washing the courtyard. It is important to drink clean water because it keeps us healthy. We must save water as it is valuable for our planet. We can stop wasting water by turning off the tap while brushing our teeth or washing hand. Saving water supports Climate Justice by protecting the Earth and ensuring everyone has enough water. At school, I usually drink water from the child friendly water tap. From morning to evening, I don't drink water often however I know I should and I will try to drink more water."

Prasant and his family have sent their regards for you and your family and would like to hear from you as well.

Message collected by: Tulsi















नोटः यि फोटोहरूलाइ प्रतिवेदनको विच विच भागमा राख्ने। एक साइमा फोटो र अर्को साइडमा प्रतिवेदन हुन्छ।